# प्रभाव दैनिक

National Daily

वर्ष १२ | अंक ५५ | काठमाडौं | मंगलबार, ०३ असार २०८२ | Prabhab National Daily | Tuesday, June 17 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**विपद्को पूर्वतयारी गरौं**

- सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी, आगोलागीजस्ता सम्भावित विपदको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घरपरिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

*'विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं'*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# धवल पूर्णरूपमा निर्दोष हुन् भन्न नसकिने अदालतको ठहर




- तीन लाख रूपैयाँ धरौटी बुझाएर रिहा
- घटनास्थलमा तोडफोड आपराधिक उपद्रव र क्षति भएको देखिने घटनास्थल मुचुल्कासमेतलाई हेर्दा यी प्रतिवादी धवलशमशेर जबरा पूर्णरूपमा निर्दोष हुन् भनी भन्न सकिने अवस्था नभएको आदेशमा उल्लेख
- राज्यविरूद्धको कसुर र संगठित अपराधमा भने कसुरदार भन्न मिल्ने नदेखिएको ठहर

**■ जेबी योञ्जन**

**काठमाडौं–** तीनकुने हिंसात्मक घटनामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का महामन्त्री डा. धवलशमशेर राणालाई निर्दोष मान्न नसकिने ठहर काठमाडौं जिल्ला अदालतले गरेको छ । आपराधिक उपद्रव मुद्दामा अदालतले सोमबार यस्तो ठहर गरेको हो ।

गत १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनालाई लिएर राणाविरुद्ध आपराधिक उपद्रव मुद्दा दायर भएको थियो । उक्त मुद्दाको प्रारम्भिक सुनुवाइको क्रममा अदालतले अहिल्यै निर्दोष मान्न नसकिने ठहर गरेको हो । यससँगै न्यायाधीश शिवप्रसाद खनालको इजलासले राणालाई तीन लाख रूपैयाँ धरौटी माग गरेको छ । राणा धरौटी रकम बुझाएर रिहा भएका छन् ।

आदेशमा भनिएको छ, 'घटनास्थलमा तोडफोड आपराधिक उपद्रव र क्षति भएको देखिने घटनास्थल मुचुल्कासमेतलाई हेर्दा यी प्रतिवादी धवलशमशेर जबरा पूर्णरूपमा निर्दोष हुन् भनी भन्न सकिने अवस्था नभएको, निज घातक रोगको उपचाररत रहेको भन्नेसमेत मिसिलबाट देखिएको हुँदा पछि ठहरेबमोजिम हुनेगरी हाललाई तीन लाख रूपैयाँ नगद धरौटी वा सो बराबरको जेथा जमानत वा बैंक ग्यारेण्टी दिए लिई मुद्दा पुर्पक्षका लागि तारिखमा राख्नू ।'

आदेशमा राणाले एटिएफ, पिडिएफ, आरटिएफलाई आपराधिक समूह भन्न अहिले नै नमिल्ने र राणाले नै परिचालन गरेको भन्ने स्पष्ट प्रमाण नदेखिएको पनि उल्लेख छ । राणा आफैं तोडफोड तथा आपराधिक उपद्रवमा सहभागी भएको देखिने स्पष्ट प्रमाण नदेखिए पनि उनले घटना हुँदा हामी अगाडि बढ्ने हो प्रहरीसित डराउने होइन, यो संघीयता र गणतन्त्र समाप्त पार्ने आजको दिन हो भन्ने अभिव्यक्ति स्वीकार गरेको भनिएको छ । त्यस आधारमा पनि राणा आपराधिक उपद्रव कसुरमा निर्दोष मान्न नसकिने ठहर गरेको हो ।

तर, अदालतले राज्यविरूद्धको कसुर एवं संगठित अपराधमा अहिले नै कसुरदार हुन् भनेर पूर्णरूपमा विश्वास गर्ने मनासिव आधार नदेखिएको आदेशमा भनेको छ । प्रहरीले भने राणाविरुद्ध राज्यविरुद्धको कसुरमा मुद्दा दायर गरेको छ । संगठित अपराधमा पनि राणाविरुद्ध मुद्दा दर्ता छ । दुईवटा मुद्दामा कसुरदार भएको भन्न नमिल्ने भनेको अदालतले आपराधिक उपद्रवमा भने राणालाई कसुरदार होइनन् भन्न नसकिने ठहर गरेको हो ।

राणाले यसअघि भने अदालतमा आफूले तीनवटै कसुर नगरेको जिकिर गरेका थिए । आफूलाई फसाउने नियतले सरकारले नियोजित षड्यन्त्र रचेको उनको टिप्पणी थियो । आफूलाई विनासर्त रिहाइको माग गरेका थिए ।


क्रमशः पृष्ठ २ मा


## रास्वपाको विरोध शैली

# पहिले नाराबाजी, पछि पलेँटी मारेर

- सत्तापक्षका सांसदहरु बजेटको सैद्धान्तिक पक्षमा छलफलमा जुट्दा आक्रामक नाराबाजी गरेका रास्वपाका सांसदहरु माओवादीसहित साना दल बोल्दा मौन
- सुरूमा नाराबाजी गरेर वेल घेराउ गरेको रास्वपाले माओवादी सांसद शक्तिबहादुर बस्नेत बोल्न थालेपछि पलेँटी मारेर विरोध सुरू
- भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै एकजुट भएको प्रतिपक्षी अहिले छिन्नभिन्न



**प्रतिनिधिसभा बैठकमा सोमबार वेल अगाडि भुइँमा बसेर विरोध जनाउँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरू । अवरोधका बाबजुद बैठकमा आर्थिक वर्ष २०८२/८३ को बजेटमाथि छलफल चलेको थियो ।** *तस्बिरः रासस*

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गृहमन्त्रीको राजीनामा माग्दै सदनमा आन्दोलन जारी राखेको छ । सोमबार रास्वपाले सदन सुरु हुनासाथ वेल घेराउ गरी विरोधमा उत्रिए । बजेटमाथिको सैद्धान्तिक छलफलका क्रममा सुरुमा कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीले धारणा राखे ।

अर्थमन्त्री विष्णु पौडेलले सदनमा प्रस्तुत गरेको बजेटको समर्थन गर्दै कार्कीले बोलिरहँदा रास्वपा सांसदहरूले चर्को स्वरमा गृहमन्त्री रमेश लेखकको राजीनामा मागेका थिए । पूर्वअर्थमन्त्रीसमेत रहेका कार्कीले रास्वपालाई जनताको काम गर्ने दल बन्ने हो भने अहिले बजेटमाथि समीक्षा गर्ने बेला भएको भन्दै सम्झाए ।

'देशको समृद्धिको निमित्त सबै एक ठाउँमा नभए हामीले लगाउने नारा सतही हुन्छ । देशको जिम्मेवार नागरिकको हैसियतले परिवर्तनको सोच लिएर सदनमा उपस्थित हुनुहुन्छ भने बजेटका प्रति तपाईंको धारणा इस्टाब्लिस्ट गर्नतिर लाग्नुस्,' कार्कीले भने, 'यो बजेटले मुलुकमा आशा जगाएको छ । यसले सफल कार्यान्वयन गरेर विश्वास जगाओस् ।'

त्यसपछि एमाले नेता पदम गिरीले बजेटमाथि बोल्ने समय पाए । गिरीले बजेटमा महत्त्वपूर्ण विषयहरू समेटिएको बताउँदै गर्दा रास्वपाले आफ्नो नारा चर्को बनाउँदै गए । 'जनतामा ठूलो निराशा व्याप्त रहेको बेला छ । विदेश पलायन भएका युवालाई नेपाल फर्कने अवस्था बनाउनु छ,' गिरीले भने, 'घाटामा भएका सार्वजनिक संस्थान वृद्धि गर्ने खालका महत्त्वपूर्ण विषय बजेटमा समावेश छ ।' गिरी बोल्दै गर्दा रास्वपाका सांसदहरूको स्वर विस्तारै मसिनो हुँदै आयो ।

त्यसपछि पालो आयोग माओवादी केन्द्रका नेता शक्तिबहादुर बस्नेतको । उनी बोल्न सुरु गरेको केही समयमै रास्वपाले आफ्नो विरोधको शैली फेऱ्यो । सरकारले ३० दिनभित्र छानबिन समिति बनाउने उद्घोष गरेको जानकारी बस्नेतले गर्नसाथ रास्वपा सांसदहरू पलेँटी मारेर बस्न थाले । नाराबाजी बन्द भयो ।

रास्वपाले सत्तापक्षको सांसदले बोल्दा चर्को नाराबाजी गरेका थिए । 'हाम्रो आन्दोलन जारी छ,' 'मानव तस्करलाई कारबाही गर,' 'गृहमन्त्री राजीनामा दे,' 'मानव तस्करलाई संरक्षण बन्द गर' र 'झूठो कति बोलेको, जनताले छ सुनेको' जस्ता नारा लगाएका सांसदहरू माओवादीका बस्नेत बोल्न थालेपछि भने कोही मोबाइल चलाउन व्यस्त भए भने सुमना श्रेष्ठ भने योगासनमाझैं बसिन् । त्यसपछि एकीकृत समाजवादीका प्रकाश ज्वालाले बजेट जनमुखी नभएको भन्दै विरोध गरे ।


क्रमशः पृष्ठ २ मा


### प्रतिपक्षीको आ–आफ्नै ताल

गृहमन्त्री लेखकको राजीनामा माग्दै एकजुट भएको प्रतिपक्ष दल अहिले छिन्नभिन्न भएको छ । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र दुईबुँदे सहमतिपछि अहिले सत्तापक्ष एमाले र नेपाली कांग्रेससँग लचक बनिसकेको छ । यसैकारण आइतबारबाट बजेटमाथि सैद्धान्तिक छलफल सुरु भएको हो । माओवादीसँग निकट भएको एकीकृत समाजवादीले पनि बजेटमा छलफल लिएको छ । तर बजेटमाथि समर्थन गर्नै नसक्ने भन्दै एकीकृत समाजवादीको सांसदले विरोध जनाए । 'बजेट बनाउँदा र वितरण गर्दा नै अनियमितताको गन्ध आउँछ । बजेट दुरूपयोगको नाँगो नमूना हो यो,' ज्वालाले भने, 'मन्त्रीमुखी बजेटमा हाम्रो घोर निन्दा छ ।'


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ : वैदेशिक रोजगार**

# इजरायल जान तयार रहेकाहरु युद्धले रोकिए

## पिवाले जिम्मा नलिएसम्म श्रमिक पठाउन मिल्दैन : विभाग

**■ ममता थापा**

**काठमाडौं–** रोजगारीका लागि इजरायल जान तयार रहेकाहरू युद्धका कारण रोकिएका छन् । गत शुक्रबारयता सिर्जित इजरायल-इरान तनावका कारण भिसा लागेर जाने तरखरमा रहेकाहरू अन्योलमा परेका हुन् । पछिल्लोपटक गत जेठ २७ गते दीर्घकालीन स्याहार केन्द्र (केयरगिभर) मा ३५ जना सहायक कामदारको भिसा जारी भएको थियो । उनीहरूको टिकट यही जुन २१ तारिखका लागि तय भए पनि विकसित घटनाक्रमले स्थिति अन्योलपूर्ण बनेको वैदेशिक रोजगार विभागले जनाएको छ ।

टिकट तय भए पनि इजरायलको वैदेशिक रोजगार विभाग (पिवा)ले सुरक्षाको जिम्मा नलिएसम्म श्रमिक पठाउन नमिल्ने विभागका जिटुजी शाखाका निर्देशक गिरिराज ज्ञवालीले बताए । 'युद्ध साम्य भएर पिवाले जिम्मा नलिई हामीले श्रमिक पठाउन मिल्दैन । उताबाट स्थिति सुरक्षित छ, यो मितिमा पठाइदिनु भनेपछि मात्र पठाउँछौं,' ज्ञवालीले प्रभावसँग भने, 'यताको स्थितिको बारेमा कन्फर्मेसन पठाउँछौं भन्ने मौखिक जानकारी प्राप्त भएको छ । कन्फर्मेसन कहिले आउँछ भन्ने यकीन छैन ।' युद्ध उत्कर्षमा गएको भन्ने बुझिएकाले त्यहाँको स्थिति हेरेर दूतावाससँग छलफल भएपछि कन्फर्मेसन आउनसक्ने उनले बताए । यदि श्रमिकहरू असुरक्षित अवस्थामा छन् भने उताबाटै नलग्ने भएकाले आत्तिनुपर्ने अवस्था नरहेको उनको भनाइ थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार हाल इजरायलमा पाँच हजार ५०० र इरानमा १२ जना नेपाली रहेका छन् । त्यहाँ रहेकाको अवस्थाको बारेमा आफूहरूलाई सीधा जानकारी प्राप्त नहुने ज्ञवालीले बताए । यद्यपि, इजरायलका लागि नेपालका राजदूतले दिएको अन्तर्वार्ताका आधारमा श्रमिकहरू भयावह स्थितिमा भने नरहेको देखिएको उनको भनाइ थियो । 'श्रमिकहरूले सुरक्षित छौं, नेपाल फर्काउन पर्दैन भन्ने प्रतिक्रिया दिएको कुरा राजदूतले भन्नुभएको थियो । अन्तर्वार्तालाई आधार मान्दा नेपालीहरू सुरक्षित नै रहेको बुझ्न सकिन्छ,' उनले भने ।

अघिल्लो वर्ष असार ११ गते इजरायलले श्रमिकको मागपत्र खुलाएपछि रोस्टरमा रहेका ९१९ जनामध्ये हालसम्म ५४३ जना इजरायल पुगिसकेका छन् । एक हप्ताअघि भिसा जारी भई टिकटसमेत तय भएकाहरू भने स्थिति सुरक्षित नभएसम्म रोकिने भएका छन् ।

गत शुक्रबार इजरायलले इरानमाथि आक्रमण गरेसँगै स्थिति तनावपूर्ण बनेको छ । इजरायलको आक्रमण विशेषगरी इरानको आणविक उत्पादन केन्द्रमाथि लक्षित गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।


क्रमशः पृष्ठ २ मा


**परराष्ट्रमन्त्री राणा–इजरायली राजदूत भेट**

### नेपालीको सुरक्षा र आपत्कालीन सहयोगका लागि आग्रह



**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले केही दिनयतादेखि इजरायल र इरानबीच सुरु भएको युद्ध तथा पछिल्लो समय यसबाट विकसित परिस्थितिका बारेमा नेपालका लागि इजरायली राजदूत स्मुलिम एरी बाससँग जानकारी लिएकी छन् ।

परराष्ट्र मन्त्रालयमा सोमबार मन्त्री डा. राणालाई राजदूत बासले इजरायल र इरानबीचको पछिल्लो द्वन्द्व तथा त्यहाँको पछिल्लो अवस्थाका बारेमा जानकारी गराएका हुन् । त्यस अवसरमा मन्त्री राणाले त्यहाँ रहेका नेपालीको अवस्थाबारे जानकारी लिँदै उनीहरूलाई पर्न सक्ने आवश्यक सहायता र सुरक्षित अवस्थाका लागि राजदूत बासमार्फत इजरायल सरकारलाई आग्रह गरिन् । त्यस अवसरमा राजदूत बासले हाल त्यहाँस्थित नेपाली नागरिक सुरक्षित रहेका जानकारी गराए ।


क्रमशः पृष्ठ २ मा



**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरुमा**

**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६९१८१५४००

Email:Marketing2prabhab@gmail.com

पृष्ठ १ बाट क्रमश:

## धवलको..

तर, उनलाई अदालतले क्यान्सरको उपचारका लागि यसअघि ७ वैशाखमा हाजिरी जमानीमा रिहा गर्न आदेश दिएको थियो । सोमबार भने धरौटीमै रिहा गर्न आदेश दिएको हो ।

तर, लामो समय उनी अदालत र प्रहरीको सम्पर्कमा थिएनन् । राप्रपाकै वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र त अझै पनि सम्पर्कमा आएका छैनन् । राणा भने सोमबार अदालतमा उपस्थित भए । उनी र मिश्रलाई फेरि पक्राउ गर्ने सरकारी तयारी भइरहेको चर्चाबीच अदालत उपस्थित राणा धरौटीमा रिहा भएसँगै कार्यकर्तामा खुसियाली छाएको छ ।

गत बिहीबार मध्यराति भने जिल्ला अदालत काठमाडौंले दुर्गा प्रसाईंसहित सात जनालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो । बाँकीलाई धरौटीमा छाड्न आदेश दिएको थियो ।

राजा फर्काउने भन्दै नवराज सुवेदी नेतृत्वमा गठित संयुक्त जनआन्दोलन समितिले १५ चैतमा काठमाडौंमा प्रदर्शन गरेको थियो । तर, प्रदर्शन हिंसात्मक भयो । दुई जनाको ज्यान गयो । निजी र सार्वजनिक सम्पत्तिमाथि तोडफोड, आगजनी र लुटपाट भएको थियो ।

घटनालगत्तै राणा, मिश्रसँगै हिंसात्मक प्रदर्शनमा संलग्नहरूलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रसाईं भने घटनापछि भागेर भारतको आसाम पुगेका थिए । उनलाई त्यहीँबाट प्रहरीले पक्राउ गरेर नेपाल ल्याएको थियो । उनले पनि घटनामा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएका छन् । तर, राप्रपा नेताहरू राणा र मिश्रलगायतले भने प्रसाईंलाई दोष लगाएका छन् । अन्तत: प्रसाईंसहितका आरोपीहरू पुर्पक्षका लागि कारागारमा पुग्दा राणा भने धरौटीमा रिहा भएका हुन् ।

■■■

## प्रतिपक्षीको...

यता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आइतबार र सोमबार दुवै दिनको बैठक बहिष्कार गऱ्यो । राप्रपाले आफूले अवरोध गरेको बैठकको भत्तासमेत नलिने घोषणा गऱ्यो । एक्ला प्रतिपक्षीका रूपमा चिनिएका नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले मानव तस्करका दोषीहरूलाई तत्काल कारबाही गर्न माग गरे । उनले बहुदल र प्रजातन्त्र आएको ३५ वर्ष हुँदा पनि केही विकास गर्न नसकेको आरोप लगाए । जनमोर्चाका सांसद चित्रबहादुर केसीले आफू छलफलमा भाग लिउँ कि नलिउँ भनेर दोधारमा परे पनि वास्ताविकता जनतालाई बताउन सदनमा उभिएको बताए । 'बजेट प्रस्तुत हुनु निरन्तरता हो । जनताका लागि यो कागलाई बेल पाक्यो हर्ष न विस्मात हो,' केसीले भने, 'यो बजेट आम नेपाली जनताको लागि बनेको हैन ।'

■■■

## पहिले...

त्यसपछि सांसद रञ्जु झाले बजेट जनमैत्री भएको बताइन् । जनमत पार्टीको अब्दुल खाँणदेखि चित्रबहादुर केसीसम्मले आफ्नो धारणा राखे । त्यसपछि अर्थमन्त्री विष्णु पौडेलले सदनमा उठेका प्रश्नको जवाफ दिने क्रममा पनि रास्वपाका सांसदहरूले उठेर नाराबाजी गरेका थिए ।

■■■

## इजरायल...

इरानी खतरा नहटेसम्मका लागि सैन्य कारबाही जारी राख्ने इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले बताउँदै आएका छन् । इजरायली आक्रमणबाट इरानका प्रमुख सैन्य कमाण्डरहरू र आणविक वैज्ञानिकहरूको मृत्यु भएकाले पनि स्थिति थप बिग्रने देखिएको छ । इजरायली हमलाबाट इरानमा २२० जनाभन्दा बढीको मृत्यु भइसकेको बताइएको छ । इरानको आक्रमणबाट २४ जनाभन्दा बढी इजरायली नागरिकको ज्यान गएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । दुवै मुलुकले एकअर्कालाई क्षतिको मूल्य चुकाउने चेतावनी दिइरहँदा स्थिति थप तनावपूर्ण बन्ने देखिन्छ ।

आम्दानीको हिसाबले इजरायल आकर्षक गन्तव्य भए पनि प्राय: द्वन्द्व चलिरहने भएकोले जोखिमपूर्ण मानिन्छ । २०८० भदौमा प्यालेस्टिनी लडाकु समूह हमासले गरेको आक्रमणमा परी इजरायलमा 'लर्न एन्ड अर्न' कार्यक्रममार्फत गएका १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो । उक्त घटनामा बेपत्ता भएका नेपाली विद्यार्थी विपीन जोशीको अवस्था अझै अज्ञात छ । त्यसयता गत वर्षदेखि सुरु भएको नयाँ कामदार पठाउने प्रक्रिया इजरायल-इरान युद्धका कारण पुन: स्थगित भएको छ ।

इजरायलमा व्यक्तिगत श्रम स्वीकृति लिएर र गैरकानुनीरूपमा छिरेकाहरू थप सुरक्षा जोखिममा पर्न सक्ने बताइन्छ । यद्यपि, यस्ता श्रमिकको संख्या कति छ भन्ने यकीन तथ्यांक भेटिँदैन । गत आर्थिक वर्षमा व्यक्तिगत श्रम स्वीकृति लिएर ५४ जना इजरायल गएका थिए । युद्धका बेला व्यक्तिगत श्रम स्वीकृति लिएर गएकाहरू र अवैधानिक हिसाबले काम गरिरहेकाहरूको सुरक्षा रोजगारदातामा भर पर्छ । जिटुजीमार्फत गएकाहरूको भने लोकेसनदेखि सम्पूर्ण विवरण सरकारसँग हुने भएकाले आपत्कालीन अवस्थामा उनीहरू बढी सुरक्षित हुने जानकारहरू बताउँछन् ।

■■■

## नेपालीको...

परराष्ट्र मन्त्रालयले आइतबार विज्ञप्ति प्रकाशन गरेर इजरायल र इरानमा रहेका नेपाली नागरिक सुरक्षित रहेका जानकारी गराएको थियो । पछिल्ला केही दिन इरान र इजरायलबीच विकसित घटनाक्रमका सन्दर्भमा मन्त्री डा. राणाले तेल अभिभ र दोहास्थित नेपाली राजदूतलाई आइतबार टेलिफोन सम्पर्क गरी त्यहाँस्थित नेपाली नागरिकको सुरक्षामा ध्यान दिन निर्देशन दिएकी थिइन् ।

मन्त्रालयले दुई देशबीचको द्वन्द्वलाई नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीको सुरक्षा सुनिश्चितताका लागि नेपाल सरकारले आवश्यकताअनुसार उपयुक्त कदम चाल्ने सो विज्ञप्तिमा उल्लेख छ ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ५४ असार २ गते २०८२ मा प्रकाशित **All Asia Overseas Pvt.ltd** को **Pro Elite Middle General Maintenance - L.L.C - O.P.C** कम्पनीको Lot No. 325536 विज्ञापनमा युएइमा रोजगार तथा मासिक तलब AED मा हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


# घरघरमै पुगेर उच्च रक्तचाप र मधुमेह परीक्षण

**सिरहा (प्रस)–** लहान नगरपालिकाले नगरवासीको घरघरमै स्वास्थ्यकर्मी पठाएर उच्च रक्तचाप र मधुमेह बिरामीको नि:शुल्क परीक्षण शिविर सुरु गरेको छ । 'स्वास्थ्यकर्मी, नगरवासीको घर दैलोमा' भन्ने नारासहित आइतबार वडा नं १२ पडरिया टोलदेखि उक्त शिविरको सुरुआत गरिएको हो ।

समयमै रोग पहिचान भएमा उपचार गर्न सहज होस भन्ने उद्देश्यले यस शिविर सञ्चालन गरिएको नगरप्रमुख महेशप्रसाद चौधरीले बताए । 'गाउँघरमा लुप्त रूपमा बिरामी रहेका हुन्छन् । उनीहरूको पहिचान गर्न र थप उपचार गर्न सजिलो होस भनेर हामीले यो कार्यक्रम सुरु गरेका हौं,' उनले भने, 'चेकजाँच गरेर थप उपचारका लागि स्वास्थ्य संस्था पठाउँछौं ।' नियमित औषधि सेवन गरिरहेका बिरामीलाई शिविरमार्फत औषधी पनि वितरण गरिने नगरप्रमुख चौधरीले जानकारी दिए ।

लहान नगरपालिकामा १२ वटा स्वास्थ्य चौकी र चारवटा आधारभूत स्वास्थ्य केन्द्र छन् । त्यहाँ कार्यरत सबै स्वास्थ्यकर्मीलाई एक सातासम्म घरघरमा खटाएर 'स्क्रिनिङ' गरिरहेको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीले बताए । नगरपालिकाले गत वर्ष पनि यस्तै कार्यक्रम सञ्चालन गरेको थियो । त्यतिखेर चार हजारभन्दा बढी स्थानीयले आफ्नो स्वास्थ्य चेकजाँच गराएका थिए


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८२/०३/०३ गते

यस कार्यालयमा मिति २०४५/०५/०७ मा दर्ता भएको **संखुवासभा खाँदबारी उद्योग (प्रा.लि.नं. ४२९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल बोर्डस लिमिटेड**
**गणबहाल, काठमाडौंको**
**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

मिति २०८१।०२।२५ को संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको अट्ठाईसौं, उनान्तीसौं र तीसौं वार्षिक साधारण सभा मिति २०८२ असार २३ गते, विहान ११:०० बजे, कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल २२, काठमाडौंमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**छलफलका प्रस्तावहरु:**

क. साधारण प्रस्तावहरु:

१. आ.व. २०७८।७९, २०७९।८० र २०८०।८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व. २०७८।७९, २०७९।८० र २०८०।८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व २०८१।८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. आ.व २०७८।७९, २०७९।८० र २०८०।८१ को दफा ७८ को उद्घोषण प्रस्तुत गर्ने सम्बन्धमा ।
५. संचालक समिति गठन सम्बन्धमा।

ख. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**युएइ/साउदीमा रोजगार** कम्पनी : BAB AL FAKHAMA CONTRACTING AND BUILDING WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/01 LT. No. 325660 चलानी नं. ६०२३९६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1250 | ४६,७३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDUL AZIZ MISFER AL MAHAN COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/01 LT. No. 325591 चलानी नं. ६०२३९६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1200 | ४४,८६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



**साउदीमा रोजगार** कम्पनी : RAKEEZ CAR AUTO SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८२/02/30 LT. No. 325503 चलानी नं. ६०२३९६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE WASHING | 1 | 0 | 1000 | ३६,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHEERA SWEETS SERVICES EST. SAUDI ARABIA

पूर्व स्वीकृति मिति : २०८२/02/31 LT. No. 325668 चलानी नं. ६०२३९६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३६,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १० गते (14th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



**युएइ/बहराइनमा रोजगार** कम्पनी : AL QAMAR AL MASSI PLASTER & TILES CONT L.L.C. SP

पूर्व स्वीकृति मिति : २०८१/01/25 पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/02 LT. No. 323402 चलानी नं.६०२३७४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Tile Fixer | 3 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 3 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 3 | Tile Layer | 17 | 0 | 1200 | ४४,८७० | | | | | | | |

कम्पनी : CHIKEX FRIED CHICKEN RESTAURANT WLL

पूर्व स्वीकृति मिति : २०८१/02/16 पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/02 LT. No. 305587 चलानी नं. ६०२२०२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 8 | 150 | ५४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Worker) | 4 | 0 | 100 | ३६,४५५ | | | | | | | |
| 3 | Kitchen Helper | 3 | 0 | 100 | ३६,४५५ | | | | | | | |
| 4 | Sales Person | 5 | 0 | 120 | ४३,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।
बुटवल, एसियन प्यालेस प्रा.लि. मा मिति: २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**युएइ/साउदीमा रोजगार** कम्पनी : Roshini Electromechanical Works LLC शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/03/01 LT. No. 325651 चलानी नं.६०२३९६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 2 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 2 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 3 | Stone Mason | 2 | 0 | 1200 | ४४,८७० | | | | | | | |

कम्पनी : Raj Restaurant Catering Est. शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/02/27 LT. No. 325387 चलानी नं.६०२३९६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1800 | ६७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Rayhana Al Khair Trading Store शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/07/09 पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/02 LT. No. 312801 चलानी नं.६०२२७२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 2 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Qawell Maintenance & Cleaning Est. शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/07/26 पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/02 LT. No. 313458 चलानी नं.६०२२७८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 6 | 0 | 1800 | ६७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, ललितपुरमा मिति: २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदारले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंगलबार, ०३ असार, २०८२

**मेष** समाजिक जिम्मेवारी उपलब्ध हुनेछ ।

**वृष** सानोतिनो समस्याले अल्झाउन सक्छ ।

**मिथुन** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।

**कर्कट** मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला ।

**सिंह** काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।

**कन्या** विवादास्पद कामको जिम्मेवारी आउनेछ ।

**तुला** सोचेको उपलब्धि तत्काल प्राप्त नहुने ।

**वृश्चिक** सम्भावना देखिए पनि समयमा काम नहुने।

**धनु** कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ।

**मकर** नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।

**कुम्भ** सुखद समाचारले उत्साह जगाउनेछ ।

**मीन** रोकिएका काम सम्पादन हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ असार , २०८२ (१७ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.४४ | १३८.०४ |
| युरो | १ को | १५८.७८ | १५९.४७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८६.४४ | १८७.२६ |
| स्विस फ्रैन्क | १ को | १६९.४२ | १७०.१६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.१७ | ८९.५६ |
| क्यानाडियन डलर | १ को | १०१.१७ | १०१.६२ |
| सिङ्गापुर डलर | १ को | १०७.२४ | १०७.७० |
| जापानी येन | १० को | ९.५४ | ९.५८ |
| चिनियाँ युआन | १ को | १९.१४ | १९.२२ |
| साउदी अरब रियाल | १ को | ३६.६२ | ३६.७८ |
| कतारी रियाल | १ को | ३७.७१ | ३७.८७ |
| थाई भाट | ख १ को | ४.२४ | ४.२६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.४२ | ३७.५८ |
| मलेसियन रिङेट | १ को | ३२.३७ | ३२.५१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १४.५० | १४.५७ |
| डेनिस क्रोनर | १ को | २१.२९ | २१.३८ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५९ |
| कुवेती दिनार | १ को | ४४९.१५ | ४५१.११ |
| बहराइन दिनार | १ को | ३६४.४७ | ३६६.०६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**भूमेनाच** | रुकुम पूर्वको भूमे गाउँपालिकास्थित खाबाङमा भूमे पर्वको अवसरमा भूमेनाच नाच्दै मगर समुदाय । यस नाचमा वयष्क, वृद्धवृद्धाका साथै युवाहरू आफ्नो मौलिक पोसाकमा सजिएर बाजाको तालमा लहरै लागेर भूमेनाच नाच्ने गर्छन् । *तस्बिरः सर्जना कार्की/रासस*

# विकासको नाममा संस्कृतिलाई विस्थापित गर्न नहुनेमा जोड

■ **विविशा पौडेल**

**काठमाडौं–** भौतिक विकास अगाडि बढाउने क्रममा सांस्कृतिक पक्षलाई बेवास्ता गर्न नहुनेमा सरोकारवालाहरूले जोड दिएका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठान र धार्मिक, सांस्कृतिक पत्रकार समाज नेपालको संयुक्त आयोजनामा सोमबार भएको 'विकासका लागि संस्कृति' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले संस्कृतिलाई विकासको मेरुदण्ड बनाउनुपर्ने बताएका हुन् ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले विकास र संस्कृति एक अर्कासँग सम्बन्धित भएकोले यो विषय गम्भीर रहेको बताए । उनले मुलुकका लागि भौतिक र अभौतिक दुवै प्रकारको विकास महत्त्वपूर्ण हुने बताए । संस्कृति अभौतिक पक्ष भएकोले त्यसको संरक्षण गर्दै अगाडि बढ्नुपर्नेमा उनले जोड दिए ।

'विकास गर्दा संस्कृतिलाई मेरुदण्ड बनाउने कुरामा यथार्थ छ । संस्कृतिमा रहेका केही विकृति र विसंगतिलाई सुधार गर्नु आवश्यक छ,' मन्त्री पाण्डेले भने । संस्कृतिमा सुधार गर्दै जान सकेमात्र विकास वैज्ञानिक र परिणाममुखी बन्ने उनको भनाइ थियो । 'अहिलेको अवस्थामा देश सक्यो, देशमा केही छैन भने प्रवृत्तिले किशोरकिशारी तथा युवाहरू पलायन भएको अवस्था भोग्नुपरेको छ,' मन्त्री पाण्डेले भने, 'निराशा बढाउने जुन प्रवृत्ति संस्कृतिको रूपमा विकास भइरहेको छ, यसलाई अन्त्य गरी आशा सञ्चार गराउने संस्कृति विकासमा सबै लाग्नुपर्छ ।'

प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदीले संस्कृतिलाई समाजको आत्मा र विकासको मेरुदण्डका रूपमा परिभाषित गरे । 'संस्कृति केवल परम्पराको प्रतीक होइन, यो समृद्धिको मूलधार हो । समाजको समग्र विकासका लागि संस्कृतिकर्मी, सञ्चारकर्मी र नीति निर्माणकर्ता सबैले मिलेर अगाडि बढ्नुपर्छ,' उनले भने ।

अर्का वक्ता डा. सोमप्रसाद खतिवडाले विकास र संस्कृतिबीचको सम्बन्धमाथि प्रकाश पारे । उनले संस्कृतिको संरक्षण, अभिलेखीकरण, समसामयिक रूपान्तरण र प्रवर्द्धनका उपायहरू प्रस्तुत गरेका थिए । 'विकासको नाममा संस्कृतिलाई विस्थापित गर्ने प्रवृत्ति खतरनाक बन्दै गएको छ । विकासले स्थानीय मूल्य र परम्परालाई आत्मसात् गर्न नसकेमा त्यो केवल भौतिक विस्तार मात्र हुने छ,' डा. खतिवडाले भने ।

# स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण तीव्र बनाउन जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्तन तथा पाठेघरको मुखको क्यान्सर न्यूनीकरणका लागि परीक्षणलाई तीव्रता दिनुपर्नेमा क्यान्सर रोग विशेषज्ञहरूले जोड दिएका छन् ।

'सुडी समाज काठमाडौं महिला उपसमिति'द्वारा यहाँ आयोजित स्तन तथा पाठेघर मुखको क्यान्सरसम्बन्धी निःशुल्क प्रशिक्षण कार्यक्रमका सहभागी क्यान्सर रोग विशेषज्ञहरूले स्तन तथा पाठेघरको मुखको क्यान्सरसम्बन्धी समस्या समयमै पत्ता लाग्ने भएकाले महिलालाई यसप्रति समयमै सचेत हुनुपर्ने आवश्यकतामाथि जोड दिए ।

'स्तन तथा पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनका लागि नियमित परीक्षण आवश्यक रहेको छ,' क्यान्सर रोग विशेषज्ञ डा. रीता महासेठले भनिन्, 'कम्तीमा १० वर्षदेखि १५ वर्षको अवधि अगाडि नै जानकारी लिन सकिने र परीक्षण गर्न सकिने सुविधा भएकाले महिलालाई सोसम्बन्धी नियमितरूपमा परीक्षणको पहुँचसम्म पुग्ने वातावरण तयार गर्नुपर्छ ।'

स्तन तथा पाठेघरको मुखको क्यान्सरमुक्त समाज निर्माण गर्ने लक्ष्य प्राप्तिका लागि यस्ता सामाजिक संस्थाले यससम्बन्धी थुप्रै कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै डा. महासेठले स्तन क्यान्सरको मुख्य लक्षण स्तनमा गिर्खा आउनु, यस्तो गिर्खा नदुख्ने र बढ्ने खालको हुनु, स्तनको मुन्टा गाडिने, रङ परिवर्तन हुनु, छाला बाक्लो हुनु, मुन्टाबाट पिप वा रगत बग्नु, घाउ निको नहुनुजस्ता समस्या देखिने गरेको बताइन् ।

पछिल्लो तथ्यांकअनुसार नेपालमा प्रत्येक दिन छ महिलामा स्तन क्यान्सरको पहिचान हुने र प्रत्येक दिन तीन जनाको यही क्यान्सरबाट मृत्यु हुने गरेको छ । विभिन्न अध्ययनले ५० वर्षदेखि ६० वर्षका महिलामा अन्यको तुलनामा बढी स्तन क्यान्सर हुने गरेको देखाएको छ । नेपालमा ४० वर्षदेखि ५० वर्ष उमेर समूहका महिलामा स्तन क्यान्सर धेरै देखिएको तथ्यांक छ ।

'पछिल्लो समय महिलामा स्तन क्यान्सरको समस्या बढ्दो छ,' अर्का विशेषज्ञ डा. राजीव महासेठले भने, 'स्तन क्यान्सर ठ्याक्कै के कारणले हुन्छ भन्न सकिँदैन । यसमध्ये पाँचदेखि १० प्रतिशत कारण वंशाणुगत पनि हो ।'

स्तन क्यान्सर हुँदा लक्षण ढिलोगरी देखिन सक्छन् । त्यसैले स्तन क्यान्सरलाई समयमा नै पत्ता लगाउने हो भने लक्षणलाई कुरेर बस्नु नहुने उल्लेख गर्दै डा. महासेठले ४० वर्षमाथिको उमेरका महिलाले वर्षमा एकचोटि मेमोग्राम गराउने गर्नुपर्नेमा जोड दिए । 'मेमोग्रामको सुविधा नभए अल्ट्रासाउण्ड गराएर हेर्नुपर्ने हुन्छ,' उनले भने ।

'२० वर्षमाथिका महिलाले हरेक वर्ष स्तन परीक्षण गराउनु उपयुक्त हुन्छ । यसरी जाँच गराउने गरे गिर्खा हुनुभन्दा अगाडि नै पत्ता लाग्छ र समयमै उपचार गराउन सकिन्छ,' डा. महासेठले भने, 'अन्तिम चरणमा रोग पत्ता लागेमा वा जटिल खालको क्यान्सर भएमा उपचार गर्दागर्दै बिरामीको मृत्यु पनि हुन सक्छ ।'

कलिलै उमेरमा विवाह भएका, कलिलै उमेरमा यौन सम्पर्क राख्ने, बढी पुरुषसँग यौन सम्पर्क भएका, बढी सन्तान जन्माएका, खानपिनमा ध्यान नदिने तथा कुपोषण भएका, एचआइभी भाइरसको संक्रमण भएका, पाठेघर अथवा यौनसम्बन्धी बराबर संक्रमण भइरहने महिलामा स्तन तथा पाठेघर मुखको क्यान्सर हुने जोखिम बढी हुने डा. महासेठले बताए ।

'योनीबाट फोहोर पानी बग्नु, यौनसम्पर्कपछि रगत देखिनु, महिनावारीको बीचबीचमा रगत देखिनु, महिनावारी सुकिसकेका महिलामा रगत देखिनु, तल्लो पेट दुख्नुजस्ता लक्षण देखिएका महिलामा क्यान्सर हुने जोखिम बढी हुने गर्छ,' उनले भने ।

सुडी समाजका अध्यक्ष शीतलप्रसाद महतोले स्तन तथा पाठेघरको मुखको क्यान्सर हुनुभन्दा अगाडिको सावधानीले आर्थिक बोझ र मानव जीवन जोगाउन सक्ने उल्लेख गर्दै स्तन र पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि समाजमा जनचेतनामूलक कार्यक्रमलाई व्यापकरूपमा विस्तार गर्दै लैजानुपर्नेमा जोड दिए ।

# विपद् प्रतिकार्यका लागि तयारीमा रहन प्राधिकरणको अनुरोध

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले संघदेखि स्थानीय तहसम्मका सबै निकायलाई मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ अनुसार विपद्को पूर्वतयारी सम्पन्न गरी कार्यान्वयनमा उत्रिनका लागि व्यवस्थापन गर्न अनुरोध गरेको छ ।

यस वर्षको मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने अनुमानलाई ध्यान दिँदै आ-आफ्नो जिम्मेवारी पूर्णरूपमा निर्वाह गर्न प्राधिकरणले सबैमा अनुरोध गरेको प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जानकारी दिए । जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसमको पूर्वानुमानसम्बन्धी बुलेटिन, बाढी तथा मौसमको पूर्वानुमानसम्बन्धी पूर्वसूचना तथा पूर्वचेतावनी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलगायतका निकायबाट प्रवाह हुने पूर्वसूचना, पूर्वचेतावनी, सन्देशमूलक सूचना, जानकारीको पालना गरी सोअनुसार सतर्कता अपनाउन सबैमा अपिल गरिएको उनले बताए ।

प्राधिकरणको नेतृत्वमा बनेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ कार्यान्वयनका लागि संघीय सरकारका जिम्मेवार निकाय, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, सुरक्षा निकायलगायत सरोकारवाला सबै निकायमा सम्प्रेषण भइसकेको जानकारी दिँदै प्राधिकरणले जिम्मेवारी पूर्णरूपमा निर्वाह गर्न पनि भनिएको उनले बताए ।

गत जेठ १५ गते बिहीबार रातिदेखि कोशी प्रदेशबाट प्रवेश गरेको यस वर्षको मनसुन पश्चिमतिर विस्तार हुँदै जेठ २९ बाट लुम्बिनी प्रदेशका पूर्वी भू-भागसम्म पुगेको छ । सम्प्रेषित कार्ययोजनाका अतिरिक्त प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह एवं विभिन्न विषयगत निकायले आ-आफ्नो मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्थाअनुसार अधिकांश निकायले योजना बनाइसकेको र केही निकाय बनाउने क्रममा रहेको जानकारी समेत प्राप्त भएको जनाइएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०३ गते**

यस कम्पनीको मिति २०८२/०१/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यात्रा फर फन ट्राभल** को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ट्राभल साथी नेपाल** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ट्राभल साथी नेपाल** (प्रा.लि.नं.३५६११६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८१/०१/२४ मा दर्ता भएको श्री **फाष्ट ट्र्याक एंटरटेनमेंट प्रा. लि. (प्रा. लि. नं. ३३५७३४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०२/१६ मा दर्ता भएको **प्रा. लि. नं. ३१३३६०** को **सेती क्लिन प्रा. लि.** को मिति २०८२/०३/०१ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/३० मा दर्ता भएको **दर्ता नं. ७३६** को **बुद्धतारा केन्द्र** को मिति २०८२/०२/२७ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।



**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## युएइमा रोजगार
कम्पनी : ALNIZAMI BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325670 | चलानी नं. ६०२३९५७१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 11 | 0 | 800 | २९,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२३०/०७४/०७५
**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## युएइमा रोजगार
कम्पनी : SINOPEC ENGINEERING - ABU DHABI

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०३/०२ | LT. No. 319050 | चलानी नं. ६०२३३२४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 65 | 0 | 800 | २९,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 87 | 0 | 1200 | ४४,८६९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम इजाजत नं ९५७/०६७/०६८
**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## कतारमा रोजगार
कम्पनी : SHAPLA CONTRACTING CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325691 | चलानी नं. ६०२३९६३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 2100 | ७९,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Busin. Executive | 2 | 0 | 2500 | ९४,३४५ | | | | | | | |
| 3 | Driver | 5 | 0 | 1400 | ५२,८३४ | | | | | | | |
| 4 | Hair Beautician | 0 | 3 | 2100 | ७९,२५० | | | | | | | |
| 5 | HANNA BEAUTICIAN | 0 | 3 | 2100 | ७९,२५० | | | | | | | |
| 6 | labor services | 2 | 0 | 1000 | ३७,७३८ | | | | | | | |
| 7 | Service Agents | 8 | 0 | 2500 | ९४,३४५ | | | | | | | |
| 8 | STORE KEEPER | 2 | 0 | 1900 | ७१,७०३ | | | | | | | |
| 9 | Supervisor | 1 | 0 | 2500 | ९४,३४५ | | | | | | | |
| 10 | Waiters | 3 | 0 | 1400 | ५२,८३४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## साउदीमा रोजगार
कम्पनी : ASAS AL-JOUDAH PLASTIC FACTORY ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०३/०२ | LT. No. 325732 | चलानी नं. ६०२३९६६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | helper/ordinary labourer/loading & unloading worker | 10 | 0 | 1000 | ३६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं.११४२/०७३/०७४
**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार
कम्पनी : AL BRAMAKS Technical Services L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325683 | चलानी नं. ६०२३९६६५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Nepal) | 3 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 3 | Scaffolder | 4 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1200 | ४४,८७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १२८९/०७४/०७५
**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## युएइमा रोजगार
कम्पनी : MOON TREASURE FACILITIES MANAGEMENT SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०३/०२ | LT. No. 325699 | चलानी नं. ६०२३९६४६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician/telecommunication | 2 | 1 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger | 2 | 0 | 1000 | ३७,३९० | | | | | | | |
| 3 | Sales Officer | 4 | 2 | 1000 | ३७,३९० | | | | | | | |
| 4 | Waiter | 3 | 1 | 1000 | ३७,३९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Govt.Lic. No 1722/081/082
**GLOCAL WORKFORCE NEPAL PVT. LTD.**
Golfutar-8, Budhanilkantha (Near Basketball court), Kathmandu, Nepal, +9779801095962(Whatsapp), +9779802374835,+9779801095962, Web: www.workforcenepal.com

## कुवेतमा रोजगार
कम्पनी : Hamro Himalaya Restaurant

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325517 | चलानी नं. ६०२३९६७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 1 | 0 | 90 | ४०,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi/cooks | 1 | 0 | 150 | ६७,४४० | | | | | | | |
| 3 | Dish Washer/Kitchen Helpers | 0 | 3 | 90 | ४०,४६५ | | | | | | | |

कम्पनी : East International Restaurant Company/ Faisal Jassim Al-Omar and his partner

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325690 | चलानी नं. ६०२३९६७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 2 | 125 | ५६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Indoor) | 5 | 0 | 85 | ३८,२१५ | | | | | | | |
| 3 | Commis III | 5 | 5 | 130 | ५८,४५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## कुवेतमा रोजगार
कम्पनी : Ali Kakouli Group Company For Tailoring Arab Men's Clothing and Fabrics

पूर्व स्वीकृति मिति : २०८२/०३/०२ | LT. No. 325730 | चलानी नं. ६०२३९६६७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLOTH CUTTER | 3 | 0 | 170 | ७६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TAILOR | 3 | 0 | 150 | ६७,४४० | | | | | | | |

कम्पनी : Su Sushi Restaurant Co.

पूर्व स्वीकृति मिति : २०८२/०३/०२ | LT. No. 325729 | चलानी नं. ६०२३९६६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | head sushi chef | 1 | 0 | 200 | ८९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN HELPER (INDOOR) | 1 | 0 | 130 | ५८,४५० | | | | | | | |
| 3 | Steward | 1 | 0 | 110 | ४९,४५५ | | | | | | | |
| 4 | Waitress | 0 | 2 | 140 | ६२,९४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘असारे विकास’को निरन्तरता

**पछिल्ला वर्षहरूमा विकास र समृद्धिको नारा सबैभन्दा धेरै उजागर गर्ने नेता हुन्, केपी शर्मा ओली । ‘समृद्ध नेपाल, सुखी नेपाली’ भन्ने नारा अघिल्लोपटक प्रधानमन्त्री हुँदा उनैले उद्घोष गरेका हुन् । उनै ओली अहिले प्रधानमन्त्री छन् । शक्तिशाली प्रधानमन्त्री । शक्तिशाली यस अर्थमा कि उनीसँग संसद्मा दुईतिहाइ बहुमत छ । संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको साथ छ । यति शक्ति हुँदा पनि उनको विकासको नारा व्यवहारमा कमजोर देखिन्छ । यो सरकारकै तथ्यांकले पुष्टि गर्छ ।**

**बजेट कार्यान्वयनको सवालमा हरेक सरकार कमजोर बन्दै आएकोमा शक्तिशाली ओली सरकारले पनि यही प्रवृत्ति दोहोर्‍याएको छ । चालु आर्थिक वर्षको ११ महिना सकिँदासम्मको अवस्था निराशाजनक देखिएको हो । अझ विकास निर्माणतर्फको खर्च स्थिति त झन् दयनीय अवस्थामै देखिन्छ । सरकारी आय/व्ययको हिसाबकिताब राख्ने निकाय महालेखा नियन्त्रकको कार्यालयको तथ्यांक अनुसार जेठ मसान्तसम्मको पुँजीगत खर्च ४० प्रतिशतमा सीमित छ । यसले विगतमा जस्तै आर्थिक वर्षको अन्तिम महिना असारमै अत्यधिक बजेट खर्च हुने प्रवृत्तिले निरन्तरता पाउने देखाएको छ । महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष असारमा अधिक खर्च हुने प्रवृत्ति रोक्न भन्दै दिँदै आएको सुझाव ओली सरकारले पनि पालना गरेको देखिएन ।**

**यसरी अन्तिम समयमा आएर खर्च गर्ने ‘असारे विकास’का कारण सरकारको आलोचना हुँदै आएको छ । तर, सरकारले त्यसको पर्वाह गरेको छैन । बजेट प्रस्तुत गर्दा हरेक अर्थमन्त्रीले खर्चमा सुधार गर्ने उद्घोष गर्छन् । तर, लक्ष्यअनुसार बजेट न खर्च गर्छ, न त राजस्व संकलन । र, मध्यावधि समीक्षामार्फत बजेटमा राखिएको राजस्व संकलन र खर्चको अनुमान संशोधन गरिन्छ । फेरि, नयाँ बजेट ल्याउँदा त्यसलाई बेवास्ता गरिन्छ । कार्यान्वयन नै नहुने महत्त्वाकांक्षी योजना समेटेर बजेटको आकार ठूलो बनाइन्छ । यसले मुलुकको बजेट प्रणालीमाथि प्रश्न उठ्ने स्थिति बनाउनुका साथै सरकारप्रतिको जनविश्वाससमेत घटाउँदै लगेको छ ।**

**विकास आयोजनामा लगाइने पुँजीगत शीर्षकको खर्च कमजोर हुँदा चालु खर्च र सरकारी ऋणको साँवा–ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्च भने लक्ष्यउन्मुख देखिन्छ । जेठ मसान्तसम्म चालु खर्चतर्फ ७४.६८ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकतर्फ ७८.४१ प्रतिशत प्रगति देखिन्छ । यहाँ मुख्य समस्या विकास खर्चमै छ । अन्तिम समयमा आएर अधिक खर्च गर्दा अनियमितता हुने तथा कामको गुणस्तरसमेत कमजोर हुने विज्ञहरूको भनाइ छ । यस्तो प्रवृत्ति रोक्न यो वर्ष ओली सरकार अक्षम बनेको छ । आगामी वर्ष यसलाई ‘ब्रेक’ गर्नेतर्फ अग्रसर बनोस् ।**

## नयाँ बजेटमा युवा नजर



■ गोविन्द मरासिनी

युवालाई परिवार, राज्यप्रतिको दायित्व बोध गराउने, नवीनतम् प्रविधि र डिजिटल अर्थतन्त्रको पहुँच र अभ्यास गर्न उत्प्रेरणा जगाउने कार्यमा युवालाई समावेश गर्नुपर्छ । अहिलेको युग सूचना प्रविधिको हो । त्यसैले युवालाई सूचना प्रविधिसँग जोड्न ‘युवा र सूचना प्रविधि’ तालिम सञ्चालन गर्न सकिन्छ । यसले नेपाली युवालाई विश्वमा जोड्न सकिन्छ । नेपालमा कस्तो खालको प्राविधिक ज्ञान तथा सीपको आवश्यकता परेको छ, त्यसका आधारमा तालिमलाई लक्षित गर्नुपर्छ । यसतर्फ पनि बजेटको प्राथमिकता कम देखिएको आभास हुन्छ ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सार्वजनिक गरेको बजेटमा युवा तथा खेलकुद मन्त्रालयका लागि दोब्बर बनाएको विषयले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा खुबै चर्चा भएको छ । चालु आव २०८१/८२ मा तीन अर्ब ५० करोड रूपैयाँ विनियोजन गरिएकामा आगामी आवका लागि उक्त बजेट बढाएर छ अर्ब आठ करोड रूपैयाँ विनियोजन गरिएको छ । यसरी बजेट बढाएर बजेट विनियोजन गर्दासमेत कूल बजेटको जम्मा ०.३१ प्रतिशतमात्र हुन आउँछ । सामान्यतयाः यसरी विनियोजित बजेटको ८५ प्रतिशत खेलकुद क्षेत्रका लागि हो भने युवामा १५ प्रतिशतमात्र खर्च हुने गर्दछ । १५ प्रतिशत युवामा खर्च हुने बजेटको थोरै रकममात्र युवाका गतिविधिमा खर्च हुन्छ ।

नेपालको जनगणनाको २०७८ को तथ्यांकअनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसंख्या ४२.५६ प्रतिशत छ । युवाका लागि कार्यक्रमहरू ल्याउनुपर्ने मन्त्रालय खेलकुद मन्त्रालयसँग जोडिएर रहेकाले मन्त्रालयको प्राथमिकतामा युवाभन्दा खेलकुद नै बढी पर्ने गरेको देखिन्छ । झण्डै नेपालको जनसंख्याको आधाको हाराहारी रहेका युवा पिँढीका लागि एकदमै न्यून बजेट विनियोजन गर्ने गरिन्छ ।

चालु आवको १० महिनामा मात्र करिब सात लाख नेपाली युवायुवती रोजगारीका लागि विदेसिएको तथ्यांक छ । स्वदेशमै रोजगारीको सुनिश्चित नहुँदा यसरी विदेसिनुपर्ने युवाहरूको बाध्यता भएको छ । हुन त युवालाई देशमै रोक्नका लागि राज्यले पनि प्रयास भने गरिरहेकै हुन्छ । वैदेशिक रोजगार विभागको पछिल्लो १० महिनाको तथ्यांकअनुसार (साउनदेखि वैशाख मसान्तसम्म) छ लाख ८५ हजार ९२४ जना वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा महिला ७७ हजार ८५ र पुरुष छ लाख आठ हजार ८३९ जना रहेका छन् । गत आव २०८०/८१ मा सात लाख ४१ हजार ३०२ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए । चालु आवको वैशाखसम्मको तथ्यांकले अघिल्लो आवभन्दा यस वर्ष धेरै नेपाली वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता देखाएको छ । विभागको यो तथ्यांकमा मौसमी कामका लागि जाने, अवैध बाटो हुँदै तेस्रो मुलुक पुग्ने र रोजगारका लागि भारत जानेको संख्या समावेश गरिएको छैन ।

देशमा राम्रो अवसर नहुँदा निराश भएका युवा विदेसिनुपर्ने आमयुवाको मात्र नभई समग्र नेपालीकै नियति बनिसकेको छ । यसरी युवा विदेसिनुको मूल कारण नै बेरोजगारी हो । कृषिप्रधान मुलुक भनेर चिनिएको हाम्रो देश नेपालमा दैनिक उपभोग्य वस्तुहरू तेस्रो मुलुकबाट आयात हुने गरेको छ । खेतीयोग्य जमिन बाँझो राखेर युवा खाडी पस्नुपर्ने बाध्यताले समग्र देशको व्यवस्थालाई नै गिज्याइरहेको छ । देशको बल, बुद्धि र बर्कत पलायन हुनुले देशको आर्थिक विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्ने निश्चित छ । सरकारले हरेक वर्ष सार्वजनिक गर्ने बजेटमा युवाको समस्यालाई सही ढंगबाट सम्बोधन गर्न चुकेका कारण युवा पलायनको अवस्था बर्सेनि बढ्दै गएको छ । आव २०८२/८३ को बजेट वक्तव्यको उद्देश्य र प्राथमिकतामा उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्वमा वृद्धि, रोजगारीको सिर्जना, आधुनिक प्रविधिको प्रयोग बढाउने उल्लेख गरिएको छ । ती उद्देश्यहरू प्राप्त गर्नका लागि गरिने ठोस कार्यक्रमहरू भने आउन सकेको छैन ।

नेपाली युवाहरू विदेसिने अर्को मूल कारण देशमा गुणस्तरीय शिक्षाको व्यवस्था नहुनु हो । हाम्रो देशमा प्रदान गरिने शिक्षा विश्वबजारमा निकै कमजोर रहेको पाइन्छ । यसका कारण विश्वबजारमा प्रतिस्पर्धा गर्ने हाम्रा युवालाई यहाँ प्रदान गरिने शिक्षा र दक्षता विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्नेगरी परिमार्जन गराउनु अपरिहार्य देखिन्छ । यसलाई सम्बोधन गर्ने उद्देश्यले उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइने र अध्ययनका लागि मुलुकबाहिर जाने प्रवृत्तिमा कमी ल्याउन र रोजगार बजारअनुसारको जनशक्ति विकास गर्न जोड दिने उल्लेख गरिएको छ । यसलाई सरकारले कार्यान्वयनमा ल्याउन सकेमा भने केही हदसम्म भए पनि नेपालको दक्ष युवा जनशक्तिलाई नेपालमै उपयोग गर्न सकिने छ ।

युवालाई परिवार, राज्यप्रतिको दायित्व बोध गराउने, नवीनतम् प्रविधि र डिजिटल अर्थतन्त्रको पहुँच र अभ्यास गर्न उत्प्रेरणा जगाउने कार्यमा युवालाई समावेश गर्नुपर्छ । अहिलेको युग सूचना प्रविधिको हो । त्यसैले युवालाई सूचना प्रविधिसँग जोड्न ‘युवा र सूचना प्रविधि’ तालिम सञ्चालन गर्न सकिन्छ । यसले नेपाली युवालाई विश्वमा जोड्न सकिन्छ । नेपालमा कस्तो खालको प्राविधिक ज्ञान तथा सीपको आवश्यकता परेको छ, त्यसका आधारमा तालिमलाई लक्षित गर्नुपर्छ । यसतर्फ पनि बजेटको प्राथमिकता कम देखिएको आभास हुन्छ । उद्यमशीलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न विद्यार्थीलाई हप्ताको २० घण्टा कामको न्यूनतम् ज्यालासहित ‘कमाउँदै पढ्दै’ कार्यक्रम सञ्चालन गरिने विषयले युवा विद्यार्थीलाई सम्बोधन गरेको भएता पनि उच्च शिक्षाको अध्ययनपश्चात्समेत हजारौं युवा बेरोजगार बस्नुपरेको अवस्थामा यसलाई कसरी कार्यान्वयनमा ल्याउन सकिएला भनेर अहिले नै सोच बनाउन आवश्यक छ ।

बजेटमा समावेश भएको संस्थागत सामाजिक उत्तरदायित्वको दायरा विस्तार गरी विद्यालय शिक्षाको नतिजा र गुणस्तरको सुधार गरिने नेपालको शिक्षा प्रणालीमा सुधारको अपेक्षा गर्न सकिन्छ । तर, स्नातक तह उत्तीर्ण विद्यार्थीलाई स्वयंसेवक शिक्षकको भूमिकामा परिचालन गर्ने नीति भने त्यति प्रभावकारी र व्यावहारिक देखिन्न । किनकि एक त आजको युवा जमात स्वयंसेवकको रूपमा काम गर्न रुचि देखाउँदैनन् भने ठूलो युवा जमात स्नातक तहपछि स्नातकोत्तर अध्ययनका लागि विदेश जाने गरेको पाइन्छ ।

यस वर्षको बजेटमा युवा जनशक्तिलाई आत्मानुशासन र सेवा भावका साथ राष्ट्र निर्माणमा परिचालित हुन अभिप्रेरित गर्ने, मुलुकको आर्थिक सामाजिक विकास र सेवा प्रवाहमा युवाको योगदान वृद्धि गरिने विषयसमेत समावेश गरिएको छ । यसले युवालाई देशप्रतिको भावनालाई ओतप्रोत बनाउन सहयोग हुने विश्वास लिइन्छ । यस्तै, राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ । साथै, उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गरिने भनिएको छ । युवा जनशक्तिलाई राष्ट्र निर्माणमा परिचालन हुन अभिप्रेरित गर्ने र प्रशिक्षण गराई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गर्नुलाई सकारात्मक मान्न सकिए पनि युवालाई स्वयंसेवक परिचयपत्र वितरण गरेरमात्र स्वदेशमै रोक्न सकिएला त ? अर्को प्रश्न उब्जिएको छ । राष्ट्रिय युवा परिषद्को भूमिका र औचित्यमाथि समय-समयमा विभिन्न प्रश्नहरू उठिरहेका समयमा युवा परिषद्लाई खालि स्वयंसेवक परिचयपत्र प्रदान गर्नका लागि मात्र भन्दा पनि युवालाई अन्तर्राष्ट्रियस्तरमा दक्ष, सक्षम, नेतृत्वदायी र रोजगारोन्मुख बनाउनप्रति केन्द्रित बनाउनुपर्ने आजको आवश्यकता देखिन्छ ।

यस्तै शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा विनाधितो दुई लाख रूपैयाँदेखि २० लाख रूपैयाँसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेलगायतका घोषणा गरिएको छ । यसले भने रकम अभावका कारण व्यापार, व्यवसाय गर्न नपाएका युवाहरूलाई राहत हुने देखिन्छ । तर, यसका लागि बन्ने मापदण्डले सबै शिक्षित युवालाई समेट्न सक्नुपर्दछ ।

युवा लक्षित ‘स्टार्टअप’ कर्जाका लागि चालु आव २०८१/८२ मा एक अर्ब रूपैयाँ विनियोजन गरिएकामा यो वर्ष उक्त बजेटमा २७ करोड रूपैयाँले घटाएर ७३ करोड रूपैयाँमात्र विनियोजन गरिएको छ । यसरी २७ करोड रूपैयाँ बजेट घट्दा स्टार्टअप र नवप्रवर्तनमा काम गर्न चाहनेलाई निराश बनाउने अवस्था आउने देखिन्छ । बजेट कटौती गर्दा पनि ‘जेन-जी’ पुस्तालाई उद्यमशीलता र व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय, निजी क्षेत्रसँगको सहकार्यमा ‘इन्कुवेशन सेन्टर’ सञ्चालन गर्ने र नवप्रवर्तनमा आधारित स्टार्टअपलाई प्राथमिकता दिइने घोषणाले ‘जेन-जी’ पुस्तालाई बजेटले केही हदसम्म भए पनि समेट्न खोजेको देखिन्छ । ‘इन्कुवेशन सेन्टर’ सञ्चालनलाई प्राथमिकता दिई कमजोर ‘स्टार्टअप’लाई सहयोग गर्ने विषय कार्यान्वयनमा आएमा नेपालमा ‘स्टार्टअप’ प्रवर्द्धनमा ठूलै फड्को मार्न सकिने सम्भावना देखिन्छ । छोटो समयमै हुने सरकार परिवर्तन, राजनीतिक अस्थिरता र दाउपेच, चरम भ्रष्टाचार, आफन्तवाद, कमिसनतन्त्रलगायतका समस्याका कारण बजेटमा समावेश भएका युवाका थोरै मुद्दासमेत ओझेलमा पर्ने गरेका छन् । *रासस*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।




✍ बैकुण्ठ भण्डारी



## चौथो अंग ‘भंग’ ?

भगवान् विष्णुलाई नारदले नारायण नारायण भन्दै अलमल्याएका थिए अरे । उनले विष्णुको पुकार गर्दै गरेनन् । विष्णुलाई भेटनासाथ आफ्नै लय र भाकामा नारायण नारायणबाहेक अरु केही पनि भन्न सकेनन् ।

उसबेलाका सम्वाददाता थिए, नारद । एक ठाउँको खबर अर्को ठाउँमा पुर्‍याउँथे । कतै राम्रै काम गराउँथे, कतै झगडा गराउन उकास्ने काम पनि नगरेको भने होइन । देवता हुन् कि राक्षस, सबैकहाँ पुग्थे अनि भन्थे- नारायण ऽऽ नारायण, कुरा त मैले यस्तो पो सुनैं प्रभु !

नारदले के कुरा सुने । भन्नेले के भन्यो ! यस्तै यस्तै हो नि । अहिले कलियुगका नारदहरूको पनि हर्कत उही नै छ । कलियुगमा त झन् सत्य बोल्नेलाई डाँडा कटाउन सक्छन् । नारदको पालामा विचार र वादमा सन्देश प्रवाह हुँदैनथ्यो । अहिले मानव जातिको पालामा विचार र वादमा सन्देश प्रवाह हुन्छ ।

हामी त गणऽतन्त्रका अनुयायी । राजनीतिक दलको भागबण्डामा परे भने राम्रै कुरा हुन्छ, परेन भने हात्ती आयो हात्ती आयो फुस्स !

अम्रिकामा के भयो कसैलाई थाहा छैन ? के रोग लाग्यो कि के बात लाग्यो, कसैसँग प्रमाण पनि छैन । भक्तपुरमा जन्मिएर काठमाडौंमा चुच्चेपाटीमा हुर्किएको । कालबेला अनुसार नयाँ स्वतन्त्र पार्टी जन्माएर ब्रोइलर कुखुराजस्तै हुर्काको । कलियुगको नारदी पेसामा टिकेन कि बिकेन उनै जानुन् । अरुजस्तै कमाइधमाइ गर्न केटो अम्रिका पुग्यो । केही सीप लाग्यो लागेन फर्किएर उही पुरानै ठीक भन्दै कलियुगको नारद नै रमाइयो अनि कमायो ।

सीधा कुरा गर्‍यो कि नानाभाँतीका कुरा गर्‍यो जनतासँग । कि बोल्नेलाई थाहा होला कि पोल्नेलाई थाहा होला ! नारदजी नै भगवान् विष्णु बन्न खोजेपछि विष्णु पनि त रिसाउँदा होलान् नि ।

महेश्वरले सम्हारकर्ताका रूपमा जिम्मेवारी सम्हाल्न सकेनन् भने सकुनीहरूले दुर्योधनलाई पक्कै पनि उचाल्ने पछार्ने गरिहाल्छन् । नेपालीमा एउटा उखान पनि छ क्यार ? ‘खहरे बढे गड्गडाउँछ, छोटो बढे हड्बढाउँछ’ ।

जो जसको जीवनमा लागू भएको छ उसैले मऽम भन्नुबाहेक अरुलाई के चोर औंला ठडयाउनु र ? सत्य र निष्ठामा उभिएका राम भगवान्लाई त जंगलको बास हुनुपरेको थियो भने अहिले कलियुगका मानव त लोभी पापीबाहेक पाउन नै मुस्किल पर्छ !

‘मुखमा राम राम, बगलीमा छुरा’ गर्ने नै कलियुगमा शक्तिशाली कहलिन्छन् । पाप अर्को जुनीमा भन्थे नि होइन, यही जुनीमा अहिले नै देखिन्छ । जस्तो कर्म गर्‍यो उस्तै फल पाइन्छ । ‘रातोघर’ त बहाना मात्र हो । दूधले नुहाएका त्यहाँ पनि कहाँ छन् । मान्छे नै त हुन् ! विचार बदल्न सक्छन् ।

देश बनाउँछु, जनतालाई सुखी बनाउँछु भन्नेहरूले पाप कर्म गर्नाले जनजनले दुःख पाएका छन् । लक्ष्मीप्रसाद देवकोटाले त्यसै कहाँ लेखेका हुन् र !,

*‘हातका मैला सुनका थैला के गर्नु धनले,*
*साग र सिस्नु खाएको बेश आनन्दी मनले ।’*

१२ भाइको कथाले नपुगेपछि अहिले ३३ भाइ सत्ययुगका राम बन्न खोजेका छन् । त्यही ३३ ले हुने भए अर्जुनलाई कृष्णको साथ किन चाहिन्थ्यो र ? चौथो अंग भन्दै अंग न भंग बनेपछि कसले विश्वास गर्छन् र ?

सीधा कुरा भन्दै न्याय दिन्छु भन्ने कुरा नमिल्दाका रविका १२ भाइ थपिँदै गएर ३३ बनिसकेका छन् । घोडाको टापजस्तै एकोहोरो फलाक्ने, आफ्नो विचार मिल्दैन भने भित्तामा पुर्‍याउने खोज्ने ३३ भाइबाट सत्य कुरा, न्यायका कुरा त ‘...टाउको दुखेको औषधि नाइटामा लाई’ भनेजस्तै हो ।

नारद हुँ भन्दैमा देवगण र राक्षश गणलाई उचाल्नेबाट नागरिकले के पाउँछन् र ? नाम लिने बेला चौथो अंग ! काम गर्ने बेला चुथ्थो अंग । कसैका ‘बा’ ले भनेको सही, सकैका ‘दाइ’ ले भनेको ! अनि जसले भोग्यो, देख्यो, महसुस गर्नेले भनेकोचाहिँ कहिले हुने सही ? त्यही १२ भाइ हुँदै बनेका ३३ दाइले भनेको सही !

कमरेडहरू कमाउरेडमा परिवर्तन बनिसके ! समाजवाद सामन्तवादमा पल्किसक्यो । चौथो अंग भनिएकाहरू चुत्थो अंगमा रूपान्तरित भइसके । पत्रकारिता, पर्चाकारितामा रमाइसक्यो । झूठ, छलछाम ‘फेकपछिको भेट’ मा चौथो अंगऽ भंग भइसक्यो !

दूतावासको इशारामा कलम र बुमऽमाइकहरू परिचालित भइसके । राष्ट्र अंग पनि भंग भइसके भने, चौथो अंग भंग हुन कुन ठूलो कुरा भयो र ?

अब सत्य युगका ‘रामदाइ’ खोज्दै भरतहरू ३३ भाइ भारदारसहित जंगलको बीचमा अंगुरको रसमा नतमस्तक भइसके । ३३ भाइबाट नै अंगऽभंग भइसकेका चौथो अंग खोज्नु भनेको बागमतीमा बगाएको सुनको लड्डु विष्णुमतीमा गएर खोज्नुजस्तै हो !

सत्ताको भकारीमा भान्सामा नै पुगेर डुबुल्की मार्ने अनि जय गणेश भन्दै भजनकीर्तनमा रमाउनेहरूका लागि यही अंगऽभंग भएकै चौथो अंग चाहिएको हो नि ! दाइलाई पनि त्यही चाहिएको, भाउजुले पनि त्यही खोजेको ! कमरेडलाई पनि भजनकीर्तन मनपर्ने, कमाउरेडलाई पनि त्यही स्वाद ‘चट्नी’ जस्तै स्वादिलो हुने ।

अंग न भंग बनिसकेको चौथो अंगलाई दक्षिण-उत्तर दुवैबाट तानातान । माने मान नमाने । पूर्वियादेखि पश्चिमाहरूसम्मको परिचालित अंग । कहिले फ्रि तिब्बतका नाममा त्वं शरणम् गर्ने यही अंग । कहिले एमसिसीको पक्षमा वकालत गर्ने पनि यही अंग ।

स्वतन्त्रताको नाममा झोले र टोलेमात्र कहाँ हो र ? फुटबलजस्तै कहिले कसले ‘किक’ हान्ने कहिले कसको ‘किक’ खाने ! अम्रिकादेखि चीनसम्म, रस्सादेखि खास्सासम्मले पनि अंग र भंग बनाएको कसरी हुन्छ चौथो अंग !

देशको सूचना बेच्न जासुसीसम्म गर्न भ्याउने । स्वतन्त्रताका नाममा मनपरि गर्ने कस्तो अनौठो अंग ! बाले चलाए पनि हुने, छोरोले डढेलो लगाए पनि हुने ! भाउजुले जोताए पनि हुने, दाइले ठटाए पनि हुने ! सामन्तवादसँग पनि जोडिने, हैकमवादमा पनि मिसिने । दासत्व स्वीकार गर्दिन भन्दै उनकै पाउमा लम्पसार परेर जनता कुरा छिपाउने यो हो नि त चौथो अंगऽभंग । जय होस् १२ भाइ र ३३ दाइको ! बाउको पेवा, श्रीमतीको दाइजोजस्तै ठान्ने नाइकेहरूको ! जय होस् नारदमुनिको स्वतन्त्रताको !



**अन्वेषणात्मक पदयात्रा** | गुरुङ पर्यटन व्यवसायी संघ, गण्डकी प्रदेशको आयोजना एवं नेपाल पर्यटन बोर्ड, क्व्होलासोथार गाउँपालिका र मर्स्याङ्दी गाउँपालिकाको आर्थिक सहयोगमा गरिएको गुरुङ सम्पदा पदमार्गको खोज एवं अन्वेषणात्मक पदयात्राका सहभागी । संघले गत जेठ २३ गतेदेखि असार १ गतेसम्म्म विभिन्न कार्यक्रमका साथ उक्त क्षेत्रमा पदयात्रा गरेको थियो । *तस्बिरः वासुदेव पौडेल/रासस*

# सिकलसेल एनिमिया पहिचान गर्न रगत परीक्षण

**कञ्चनपुर (प्रस)–** सिकलसेल एनिमिया-थालसेमिया पहिचान तथा निदानका लागि शुक्लाफाँटा नगरपालिकाले उच्च प्राथमिता दिएको छ । यसैक्रममा शुक्लाफाँटा-११ कलुवापुरमा निःशुल्क रगत परीक्षण आयोजना गरिएको छ । निःशुल्क रगत परीक्षण स्वास्थ्य शिविरमा ११६ महिला र ६४ पुरुषको शिविरमा रगत परीक्षण गरिएको छ ।

ती मध्ये १४ जनामा सिकलसेलको ट्रेट (वाहक) फेला परेको छ । सिकलसेल एनिमिया भए नभएकोबारे ट्रेट देखिएकाको रगत प्रयोगशालामा पुनः परीक्षणपश्चात् यकीन हुने नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले बताए । उनका अनुसार ट्रेट देखिएकामा नौ जना महिला र पाँच जना पुरुष रहेका छन् ।

'छ वर्षीय बालकदेखि ६५ वर्षीय महिलामा सिकलसेल एनिमियाको ट्रेट देखापरेको छ,' उनले भने, 'यसअघि ती व्यक्ति र तीनका परिवारको सिकलसेल एनिमियासम्बन्धी स्क्रिनिङ टेस्ट भने भएको पाइएको छैन ।'

सिकलसेल ट्रेट देखिएका व्यक्तिलाई शिविरमा रहेका चिकित्सकहरूले आवश्यक परामर्श दिएका छन् । सिकलसेल एनिमियासम्बन्धीको कुण्डली हेरेरमात्रै विवाह गर्न शिविरमा सहभागीलाई सुझाव दिइएको छ । यसअघि नगरपालिकाका छ वडामा छुट्टाछुट्टै रूपमा सिकलसेल एनिमिया पहिचानका लागि आयोजना गरिएका शिविरमा १२६ जनामा सिकलसेलको ट्रेट फेला परेको थियो ।

स्वास्थ्य शाखा प्रमुख भट्टका अनुसार सिकलसेल एनिमिया अनुवांशिक रक्त विकार भएकाले जसमा रगतमा पाइने रातो रक्तकोषको वनावट असामान्य हुन्छ । सामान्य अवस्थामा यी कोष गोलाकार र लचिलो हुन्छन्, तर सिकलसेल एनिमियामा ती कोष अर्धचन्द्र (सिकल) आकारका र कडा हुने गरेका छन् ।

अर्धचन्द्र आकारका विकृत कोष रक्तनलीहरूमा अड्किन गई रगतको प्रवाह अवरुद्ध गर्दा बिरामीलाई पीडा हुने गरेको पाइएको छ । 'अर्धचन्द्र आकारका रक्तकोष छोटो समयमै नष्ट हुने हुँदा बिरामीलाई रक्तअल्पता (थकान, कमजोरी) गराउँछ,' उनले भने, 'अंग क्षति दीर्घकालीन असरले मुटु, फोक्सो, मिर्गौला, कलेजोजस्ता अंगमा क्षति पुऱ्याउन सक्छ ।'

यो रोग आमा बुवाबाट बालकमा अनुवांशिकरूपमा सर्ने गर्दछ । सिकलसेल ट्रेट भनेको सिकलसेल एनिमियाको लक्षणलाई जनाउँछ । सिकलसेल ट्रेट आफैंमा रोग होइन, तर रक्त परीक्षणमार्फत थाहा पाउन सकिन्छ ।

# ढोरपाटन सडक सञ्जालमा जोडियो

**म्याग्दी–** म्याग्दी र बागलुङको ढोरपाटन जोड्ने सडकको ट्र्याक (मार्ग) जोडिएको छ । मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प र म्याग्दीको मंगला, मालिका र धवलागिरि गाउँपालिकाको 'लाइफलाइन' मानिएको बेनी-दरवाङ-मुना -जलजला-ढोरपाटन सडक काठमाडौं र पोखराबाट बेनी हुँदै ढोरपाटन र पूर्वी रुकुम जोड्ने छोटो दूरीको सडक पनि हो ।

चालु आर्थिक वर्षमा संघीय सरकारले विनियोजन गरेको पाँच करोड रूपैयाँ बजेटबाट सडक डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको योजनामार्फत म्याग्दीको धवलागिरि-२ मरेनीदेखि ढोरपाटनको जलजलासम्म सडकको ट्र्याक निर्माण भएको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए ।

'मरेनीमाथिको जंगलदेखि जलजलातर्फ करिब नौ किलोमिटर सडकको ट्र्याक निर्माण भएको छ । ढोरपाटनबाट जलजलासम्म पनि १० किलोमिटर कच्ची सडक यसअघि नै जोडिएको थियो,' उनले भने, 'डोजर जलजला पुगे पनि स्तरोन्नतिको काम



सकिएपछि मात्र यातायातका साधन सञ्चालन गर्न सकिन्छ ।'

बेनीदेखि वि.सं. २०५५ मा यो सडक निर्माण सुरु भएको थियो । बेनीदेखि मुना-खोरिया-मरेनी हुँदै जलजला करिब ६४ किलोमिटर सडकको मार्ग खुलेको हो । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बेनीबाट दरवाङ-मुना-जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको टकसेरा जोड्ने सडकको मार्ग खोल्ने काम सकिए मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिने बताए ।

उनका अनुसार पूर्वी रुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ । जलजला, ढोरपाटन र उत्तरगंगा जाने पर्यटक तथा स्थानीयवासीलाई यो सडक छोटो पर्छ । धवलागिरि गाउँपालिका-२ खोरियामा पाँच वर्षअघि पुगेको सडकलाई ढोरपाटनसँग जोड्न १९ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन बनाएर गाउँपालिकाले तीन वर्षअघि संघीय सरकारसँग योजना तथा बजेटको प्रस्ताव गरेको थियो ।

बेनीदेखि तातोपानी-बाबियाचौर हुँदै तोलावाङसम्म २० किलोमिटर सडक प्रदेश सरकारमार्फत कालोपत्र भएको छ । प्रदेश सरकारले दरवाङदेखि ताकम मुना जोड्ने करिब १७ किलोमिटर सडक स्तरोन्नति गर्न दुईवटा शीर्षकमा योजना सञ्चालन गरेको प्रदेशसभा सदस्य रेशम जुग्जालीले बताए ।

मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वी रुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफलाइन मानिएको यो सडकको बाँकी मार्ग खोल्ने, विस्तारसँगै मर्मत, स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा सरोकारवालाको चासो बढेको छ । *रासस*

# गर्मी बढेपछि अस्पतालमा बिरामीको चाप

**तनहुँ–** मौसम परिवर्तनसँगै गर्मी बढेपछि यतिबेला जिल्लाको सदरमुकामस्थित दमौली अस्पतालमा भाइरल ज्वरो र झाडापखालाका बिरामीको संख्या बढेको छ । पछिल्लो केही दिनयता मौसमी रूघाखोकी, ज्वरो, टाइफाइड, निमोनियालगाय बिरामीको संख्या बढेको अस्पतालले जनाएको छ । सरकारी अस्पतालका साथै निजी अस्पताल तथा क्लिनिकमा बिरामीको चाप बढ्ने गरेको छ ।

उपचारमा आउनेमध्ये रूघाखोकी, भाइरल ज्वरो र पखालाका बिरामी अधिकांश हुने गरेका दमौली अस्पतालका प्रमुख डा. परिवर्तन बरालले जानकारी दिए । उनले भने, 'अहिले दैनिक ३५० देखि ४०० सम्म बिरामी उपचारका लागि आउने गरेका छन्, उपचारका लागि आउने अधिकांशमा मौसमी ज्वरो, रूघाखोकीको समस्या देखिएको छ ।'

मौसमी संक्रमणबाट जोगिन बिरामीले पानी उमालेर प्रशस्त मात्रामा पिउने, शरीरमा पानी तथा झोलिलो खानेकुरा बढी सेवन गर्ने, आराम गर्ने र ज्वरो आएको अवस्थामा सिटामोल वा चिकित्सकको सल्लाहमा औषधि सेवन गर्न सुझाव दिइएको उनले बताए । अस्पतालमा सेवा सुविधा प्रभावकारी भएसँगै तनहुँसहित छिमेकी जिल्ला गोरखा, लमजुङ र कास्कीका केही स्थानबाट बिरामी उपचारका लागि आउने गरेका छन् । टाइफाइड खानेपानी र खानाबाट सर्ने भएकाले सफा पानी पिउन र स्वस्थ्यकर खाना खान बिरामीलाई सुझाव दिइएको चिकित्सक बताउँछन् ।

## पहिलोपटक इण्डोस्कोपी सेवा

त्यसैगरी प्रदेश अस्पताल दमौलीमा पहिलोपटक इण्डोस्कोपी सेवा सुरू भएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा इण्डोस्कोपी सेवा विस्तार गरिएको सो अस्पतालले जनाएको छ । इण्डोस्कोपी सेवाका लागि पोखरा, चितवनलगायत सहर जानुपर्ने बाध्यताको अन्त्य हुने विश्वास गरिएको अस्पतालका प्रमुख डा. बरालले बताए । उनले भने, 'अस्पतालमा फिजियोथेरापी, अर्थोपेडिक र बालरोग विशेषज्ञ सेवा विस्तार गरिएको छ ।'

'प्रदेश मन्त्रालयबाट गाइनोक्लोजिष्ट चिकित्सक छिट्टै पठाइदिने आश्वासन पाइएको छौं,' उनले भने, 'पछिल्लो समय मन्त्रालयबाट दमौली अस्पतालका लागि विशेषज्ञ चिकित्सक पठाउने विषयमा चासो लिएकाले थप हौसला मिलेको छ ।' डा. बरालका अनुसार अर्थोपेडिक सेवा थप भएसँगै हात र खुट्टा भाँचिएका सामान्य बिरामीको हकमा उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य हुने छ । *रासस*

# वालिङमा 'एक विद्यालय एक करेसाबारी अभियान'

**वालिङ (स्याङ्जा)–** स्याङ्जाको वालिङ नगरपालिका-१४ उपल्लो पेखुस्थित हिमशिखर आधारभूत विद्यालयले दिवा खाजामा प्रयोग गर्ने सामग्री विद्यालयमै उत्पादन गर्दै आएको छ ।

वालिङ नगरपालिकाको 'एक विद्यालय, एक करेसाबारी अभियान' अन्तर्गत 'सिक्दै कमाउँदै' कार्यक्रममार्फत विद्यालयले मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आइरहेको छ । विद्यालयले शैक्षिकसत्र २०८१ देखि यो कार्यक्रम सञ्चालन गर्दै आएको विद्यालयका प्रधानाध्यापक मित्रलाल खनालले जानकारी दिए । नगरपालिकाले यो कार्यक्रम सञ्चालनका लागि शैक्षिक वर्ष २०८१ मा एक लाख रूपैयाँ उपलब्ध गराएको थियो भने चालु शैक्षिक वर्षका लागि एक लाख रूपैयाँ उपलब्ध गराउनेगरी सम्झौता भइसकेको उनले बताए ।

सरकारले कक्षा १-५ सम्मका विद्यार्थीलाई दिवा खाजाका लागि प्रतिविद्यार्थी १५ रूपैयाँ उपलब्ध गराउँदै आएको छ । कक्षा १-८ सम्म सञ्चालनमा रहेको यस विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउँदै आएको उनले बताए । 'विद्यालयसँगै जोडिएको स्थानीयको तीन रोपनी जग्गा भाडामा लिएर शिक्षक विद्यार्थी मिलेर मौसमी तथा बेमौसमी जातका तरकारी उत्पादन गर्दै आएका छौं,' उनले भने, 'यहाँ उत्पादन भएको तरकारी विद्यालयको दिवा खाजामा प्रयोग गर्छौं ।'

दिवा खाजामा प्रयोग गरेर रहेको उत्पादनलाई बिक्री गरी चामल, चनालगायतका अन्य खाद्यान्न विद्यालयले खरिद गर्दै आएको छ । कक्षा ६, ७, ८ का विद्यार्थी र शिक्षकहरूले कक्षा खाली भएका बेला, बिदाका दिनमा सामूहिकरूपमा करेसाबारीमा तरकारी लगाउन सिक्ने गरेका छन् । मलखाद बोक्ने, खनजोत गर्ने अथवा भारी कामका लागि कामदार खोज्ने र हल्का काम शिक्षक विद्यार्थीबाट हुने गरेको छ । करेसाबारीमा टनेलभित्र र बाहिर गरी मौसमी र बेमौसमी तरकारीअन्तर्गत करेला, घिरौला, काँक्रा, खुर्सानी, गोलभेडा, काउली, बन्दा, आलु, प्याज, लसुन उत्पादन गर्दै आएको छ ।

विद्यालयले गत शैक्षिक सत्र २०८१ मा रु ८० हजारको गोलभेडालगायतका तरकारी बिक्री गरेर आम्दानीसमेत गर्न सफल भएको उनले बताए । यस वर्ष दिवा खाजामा प्रयोग गर्न मिल्नेखालका तरकारीसँगै व्यावसायिकरूपमा अकबरे खेती गरिएको छ । अहिले विद्यालयको करेसाबारीमा एक हजार बोट अकबरे खुर्सानी लगाइएको छ ।

विद्यार्थीले पढाइसँगै दैनिक जीवनमा प्रयोग हुने ज्ञान सीप विद्यालयमै सामूहिकरूपमा सिक्न पाएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र खाण ठकुरीले बताए । 'विद्यालयमा सिकेको सीप आफ्नो घरमा आएर पनि प्रयोग गर्न विद्यार्थीहरू सक्ने भएका छन्,' उनले भने, 'यसबाट विद्यार्थी तथा अभिभावकहरूमा सकारात्मक सन्देश गएको छ, सिक्दै कमाउँदै कार्यक्रम प्रभावकारी भएको छ ।'

# बराहक्षेत्रमा जंगली हात्ती मृत फेला



**धरान (प्रस)–** सुनसरीको बराहक्षेत्रमा जंगली हात्ती मृत फेला परेको छ । बराहक्षेत्रमा नगरपालिका वडा नं २ स्थित कौशिकी सामुदायिक वन नजिकैको मकैबारीमा उक्त हात्ती सोमबार बिहान मृत अवस्थामा फेला परेको बराहक्षेत्र नगरपालिकाका नगरप्रमुख रमेश कार्कीले जानकारी दिए ।

सोमबार बिहान स्थानीयवासीले हात्ती मृत भेटिएको खबर गरेको उनले बताए । कार्कीका अनुसार झण्डै पाँच देखि सात वर्ष उमेरको भाले हात्ती रहेको छ ।

हात्तीको मृत्युको कारण भने खुल्न सकेको छैन । जिल्ला वन कार्यालय सुनसरी, कोशी टप्पु वन्यजन्तु आरक्षसहितको टोलिले हात्तीको मृत्युको कारणबारे अनुसन्धान गरिरहेको नगरप्रमुख कार्कीले बताए ।

# स्वच्छ पानी उपभोग गराउन 'बायो स्याण्ड फिल्टर' वितरण

**खोटाङ (प्रस)–** जिल्लाको हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटारस्थित पिपचाहीका स्थानीयलाई स्वच्छ पानी उपभोग गराउन 'बायो स्याण्ड फिल्टर' वितरण गरिएको छ । गाउँमा पानीको सुविधा भए पनि मुहान दूषित हुँदा स्थानीयवासी दूषित पानी पिउनुपर्ने बाध्यतामा थिए ।

नगरपालिकाको आर्थिक सहयोग तथा वेस्ट पानी कम्पनी लिमिटेडको प्राविधिक सहयोगमा 'एक घर, एक फिल्टर' निर्माण गर्नेगरी फिल्टर निःशुल्क वितरण गरिएको उक्त वडाका वडाध्यक्ष भुपालसिं राईले जानकारी दिए । अब २६ घर सर्वसाधारणले प्रशोधन गरिएको स्वच्छ पानी पिउन पाउने भएका छन् ।

गाउँभन्दा करिब ८०० मिटर टाढा धामीखोलाबाट गाउँमा पाइपमार्फत ल्याइएको पानी दूषित भएपछि स्थानीयले नगरपालिकासँग फिल्टर माग गरेका थिए । खोलामा बगेको पानी अत्यन्तै दूषित पाइएकाले हरेक घरमा शुद्ध पानी उपलब्ध गराउने नगरपालिकाको योजनाअनुसार फिल्टर वितरण गरिएको नगरप्रमुख विमला राईले बताइन् । उनले भनिन्, 'दूषित पानी उपभोगले स्थानीयलाई विभिन्न प्रकारका रोगहरूसमेत लाग्ने गरेको थियो । अब कम्तीमा पनि २० वर्ष शुद्ध पानी पिउन पाउने भएका छन् ।'

यहाँस्थित बाल विकास प्राथमिक विद्यालयमा पनि सोही फिल्टर प्रयोग गरेर पानी प्रशोधित गरिएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/02 | LT. No. 318225 | चलानी नं.६०२३२४८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Foreman | 1 | 0 | 200 | ८८,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Technicians | 4 | 0 | 130 | ५७,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Jhapa Prabidhik Training Centre, Birtamode मा मिति: २०८२ असार ४ गते (18th Jun. 2025) मा हुनेछ ।
Sunsari Training Centre, Itahari मा मिति: २०८२ असार ५ गते (19th Jun. 2025) मा हुनेछ ।
Ram Janaki Training Centre, Janakpur मा मिति: २०८२ असार ६ र ७ गते (20 & 21 Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K.P. Traders** कम्पनीले CHAIN बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Interactive flat panel board 65' 1-128gb with 48mp Camera and Microphone | Smart Board | Ingscreen | IH1765 | 1-128g | CHAIN | 125 | 329 | 1,39,845 | |
| 2. | Interactive flat panel board 75' 8-128gb with IS 7517 | Smart Board | Ingscreen | IH 7517 | 1-128g | CHAIN | 90 | 355 | 1,49,768 | |

बिक्रेताको फर्मको नाम: **S.K.P. TRADERS** | स्थायी लेखा नं: **622746440178**
ठेगाना: **Anamnagar-29, Kathmandu, Nepal** | फोन नं: **9860645656**



## सर्टिफिकेट हराएको सूचना !

काठमाडौंको चावहिलबाट महाराजगंज जाने क्रममा मिति २०८२/०२/०२ गते मेरो निम्न व्यहोरा भएको पोखरा विश्वविद्यालयबाट प्राप्त Bachelor of Civil Engineering को सर्टिफिकेटहरू हराएको हुँदा पाउनु हुने माहानुभावले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन विनम्र अनुरोध गर्दछु ।

Name : **Sujan Rana Magar**
Reg No. **2014-1-04-0494**
Campus Name : Rapti Engineering Collage
University : Pokhara University
Mobile No. : 9848246368



## युएइमा रोजगार

कम्पनी : Qalaat Al Manakh General Security Guard Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/03/02 | LT. No. 315267 | चलानी नं. ६०२२९५९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARDING SERVICES | 10 | 0 | 1200 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १० गते (24th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२

Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851196634, 9867835681, 9814462098, 9841777604, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## 'खै त मायाले कुरा बुझेको'मा सुधीर र बिनाको रोमान्स

गायिका शर्मिला वर्देवा र गायक प्रमोद शर्माको स्वर रहेको गीत 'खै त मायाले कुरा बुझेको'को भिडियो सार्वजनिक भएको छ । गीतमा दिनेश राज पुरीको शब्द तथा राजेन्द्र बजगाईँको संगीत छ । बजगाईँकै संगीत संयोजन रहेको गीतको भिडियो सियोन श्रेष्ठले निर्देशन तथा कोरियोग्राफी गरेका हुन् । भिडियोमा सुधीर श्रेष्ठ, बिना राउत र श्रीस्वस्थानी तामाङको अभिनय देख्न सकिन्छ । भिडियोमा करन चौसिरको छायांकन र शिलन लम्सालको सम्पादन छ ।





# पाँचौं आदिवासी जनजाति चलचित्र महोत्सव काठमाडौंमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'पाँचौं आदिवासी जनजाति चलचित्र महोत्सव २०८२' असार ६ देखि ८ गतेसम्म आयोजना हुने भएको छ । सोमबार पत्रकार सम्मेलन गरेर महोत्सवबारे जानकारी दिइएको हो ।

महोत्सवमा आदिवासी जनजाति चलचित्रलाई प्रोत्साहन तथा पुरस्कृत गरिने छ । महोत्सवमा १९ आदिवासी चलचित्र समेत प्रदर्शन हुनेछ । जसमा नेपाली १६, नर्वेका ३ र ताइवानक १ फिल्म रहेका छन् ।

जसमा सागर केरुङ निर्देशित लिम्बु भाषाको 'चे', नवीनबाबु गुरुङ निर्देशित गुरुङ भाषाको नाचुने, ओम चरण अमात्य निर्देशित नेवार भाषाको 'सिंकिङ सिभिलाइजेसन अफ काठमाण्डू भ्याली', लुज सिंह निर्देशित नेवार भाषाको 'साकिप्य', राजबहादुर गुरुङ निर्देशित गुरुङ भाषाको 'मि-थो', मेकबहादुर पुन निर्देशित मगर भाषाको 'ट्याङचलाक', विश्वास मगर निर्देशित मगर भाषाको 'खिल' छन् ।

त्यस्तै कमल एक्चै मगर निर्देशित 'मगर चिनारी', सन्चु थोकर निर्देशित तामाङ भाषाको 'श्ह्मा पिन्वा', विनायक तामाङ निर्देशित तामाङ भाषाको 'ग्याल्बो राजा', रेणु चौधरी निर्देशित थारु भाषाको फिल्म 'जितिया के सनेस', दीपनारायण राजवंशी निर्देशित राजवंशी भाषाको 'गां घर', रत्ना गुरुङ निर्देशित गुरुङ भाषाको 'सैर्व ट', जनक गुरुङ निर्देशित गुरुङ भाषाको 'ज्यूनी', हिलारी बन्धु भुजेल निर्देशित भुजेल भाषाको 'चो वो ल्यांम योंगहौ सम्मुख कर्म' चलचित्र देखाइनेछ ।

महोत्सवमा उत्कृष्ट चलचित्र, निर्देशक, पटकथा,छायाङ्कनकार, लघु चलचित्र, वृत्तचित्र, पब्लिक च्वाइस र जुरी प्रोत्साहन गरेर ८ विधामा फिल्मलाई पुरस्कृत गरिनेछ । महोत्सवमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका ४ डकुमेन्ट्री समेत प्रदर्शन गरिने आयोजकले जनाएको छ । आदिवासी जनजाति चलचित्र महासङ्घको आयोजनामा महोत्सव सञ्चालन हुने छ ।

# 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सार्वजनिक

**काठमाडौं (प्रस)–** आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने सिनेमा 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सोमबार सार्वजनिक गरिएको छ । भिडियोमा कर्णाली प्रदेशमा प्रचलित हुड्के नाचमा तयार गरिएको छ । सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रमकाबिच सार्वजनिक गरिएको गीतमा सिनेमाका मुख्य कलाकारहरू सौगात मल्ल र बेनिशा हमाल फिचर्ड छन् ।

बाबुल गिरीको संगीत र स्वर रहेको गीतको शब्द गोविन्द भट्टले कोरेका हुन् । गायनमा गायिका शान्तिश्री परियारले संगीतकार गिरीलाई साथ दिएकी छन् । प्रवीन सिंहले खिचेको गीतमा कविराज गहतराजको कोरियोग्राफी छ । सिनेमाको निर्देशन राज बहादुर सानेले गरेका हुन् ।

निर्देशक सानेले 'सिटामोल'ले आफ्नो करिअर बदल्ने दाबी गरेका छन् । चलचित्रले नेपाली समाजको यथार्थ कथालाई प्रस्तुत गरेको निर्देशक सानेको भनाइ छ । चलचित्रमा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल र बालकलाकार करण परियार, आराध्या राज्यलक्ष्मी डिसीको अभिनय छ । श्री कृष्ण र जानुकाले यही सिनेमाबाट नेपाली रजतपटमा डेब्यु गरेका हुन् ।

तुल्सी देवी फिल्म प्रालीले जुनतारा फिल्मस्को सहकार्यमा निर्माण भएको सिनेमाको कथा प्रदीप भारद्वाज र निर्देशक सानेले लेखेका हुन् । सिमोस सुनुवारको प्रस्तुति रहेको सिनेमामा भुगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता अनि गंगाराम श्रेष्ठ सह-निर्मातामा छन् । बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन रहेको सिनेमामा देव महर्जन र शंकर महर्जनको द्वन्द्व छ । सिनेमालाई दिव्य सुवेदीले खिचेका हुन् ।

# श्याम र दिव्या बने 'मिस्टर र मिस एसइई सुपर मोडल




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस्टर र मिस एसइई सुपर मोडल २०२५' को उपाधि मिस्टरतर्फ श्याम झा र मिसतर्फ दिव्या थापाले जितेका छन् । एभरेस्ट इभेन्ट्सको आयोजना र एन प्लस प्रोफेसनलको प्रस्तुतिमा आयोजित प्रतियोगिताको यो चौथो संस्करण हो ।

शीर्ष विजेता दुवैले जनही १ लाख रूपैयाँ, स्मार्ट फोन र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको अवसरको अलवा एभरेस्ट फिल्म एकेडेमीमा १ लाख रूपैयाँ बराबरको छात्रवृत्ति, आशिका एकेडेमीबाट मेकअप कोर्स र फ्लाइटेक इन्टरनेशनलबाट एयर होस्टेस तालिमको छात्रवृत्ति प्राप्त गरेका छन् ।

प्रतियोगितामा निर्वाणप्रसाद कर्माचार्य र संवृद्धि सिलवाल फस्ट रनर अप, स्पर्श तण्डुकार र भेनस राई सेकेन्ड रनर अप, छिरिङ लामा र प्रनिशा खड्का थर्ड रनर अप, भिजन तामाङ र मुस्कान थापा फोर्थ रनर अप तथा प्रतिज्ञा चौधरी फिफ्थ रनर अप घोषित भए ।

त्यस्तै अभिव मल्ल 'फेस अफ एसइई सुपर मोडल २०२५(पुरुष)', आरियाना खड्का 'फेस अफ एसइई सुपर मोडल २०२५(महिला)', कुशल तामाङ र रोज शाक्य 'ब्रान्ड एम्बासडर', रिदम सिलवाल र प्रतिक्षा श्रेष्ठ 'अर्गनाइजर च्वाइस', प्रनिशा शाह 'ब्युटी विथ ब्रेन', परिना श्रेष्ठ 'पब्लिक च्वाइस' र कृन्जल क्षेत्री 'भ्युवर च्वाइस' घोषित भए ।

एसइई परीक्षा दिइसकेका युवा प्रतिभाहरूलाई प्रोत्साहन गर्दै उनीहरूको आत्मविश्वास, क्षमता र व्यक्तित्वलाई उजागर गर्ने उद्देश्यले आयोजित प्रतियोगिताको कोरियोग्राफर सुगन्धा अधिकारी र अर्शु महर्जन रहेका थिए । प्रतियोगीको पहिरन डिजाइन आईआईएफटी स्कुल अफ इन्टेरियर डिजाइनले गरेको आयोजक संस्थाका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत कृष्ण श्रेष्ठले बताइन् ।



## त्रिकोणात्मक टी-२० सिरिज

# तेस्रो सुपरओभरमा नेपाल पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** क्रिकेटमा जे पनि सम्भव हुन्छ भन्ने कुरा सोमबार सम्पन्न नेपाल र नेदरल्याण्ड्सबीचको खेलमा देखिएको छ । एउटै खेलमा तेस्रो सुपरओभरको खेलपछि मात्र विजेताको टुंगो लागेपछि उक्त भनाई सार्थक देखिएको छ ।

स्कटल्याण्डमा जारी त्रिकोणात्मक टी-२० प्रतियोगितामा नेपालविरुद्ध नेदरल्याण्ड्सले तेस्रो सुपरओभरमा जित हात पार्दै सिरिजमा पहिलो जित हात पारेको छ । टस जितेर पहिले फिल्डिङ गरेको नेपालले पाएको १५३ रनको लक्ष्य पछ्याउने क्रममा २० ओभरमा १५२ रन बनाएपछि खेल सुपरओभरमा गएको थियो । पहिलो सुपरओभरमा नेपालले १९ रन बनाए पनि नेदरल्याण्ड्सले पनि १९ रन नै बनाउँदा खेल दोस्रो सुपरओभरमा गएको थियो ।

दोस्रो सुपरओभरमा पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले १७ रन बनाएको थियो । त्यसपछि नेपालले पनि १७ रन नै बनाएपछि खेल तेस्रो सुपर ओभरमा गएको थियो ।

तेस्रो सुपरओभरमा पहिले ब्याटिङ गरेको नेपालले शुन्य रन बनाउँदा २ विकेट गुमाएपछि नेदरल्याण्ड्सले पहिलो बलमै जित हात पारेको हो । तेस्रो सुपरओभरमा बलिङका लागि आएका सन्दीप लामिछानेलाई पहिलो बलमै छक्का प्रहार गरेपछि नेपालले संघर्षपूर्ण हार ब्यहोर्न बाध्य भयो ।

निर्धारित २० ओभरको खेलपछिको पहिलो सुपर ओभरमा नेपालका लागि कुशल भुर्तेलले १८ रन बनाउँदै नेदरल्याण्ड्सलाई २० रनको लक्ष्य दिएका थिए । नेपालका लागि रोहित पौडेलले सुपर ओभरमा १ रन बनाए । भुर्तेल अन्तिम बलमा आउट भएका थिए । सुपर ओभरमा २० रनको लक्ष्यसहित मैदानमा उत्रिएको नेदरल्याण्ड्सलाई नेपालका करण केसीले १४ रनमा रोक्दै नेपाललाई ५ रनको रोमाञ्चक जित दिलाए ।

१५३ रनको लक्ष्यसहित मैदानमा उत्रिएको खराब सुरुवात गरेको नेपालका लागि कुशल भुर्तेल र रोहित पौडेलको शानदार क्रिकेटसँगै जित हात पारेको हो । नेपालको ओपनिङमा आएका लोकेश बम पहिलो बलमै शुन्य रनमा आउट हुँदा नेपालले २ रनमा पहिलो विकेट गुमाएको थियो भने त्यसपछि ब्याटिङमा आएका अनिल शाह १ रन बनाउँदै आउट भएपछि नेपालको इनिङ धरमराएको थियो । त्यसपछि कुशल भुर्तेल र रोहित पौडेलले नेपालको इनिङ सम्हाल्दै जितको आधार खडा गरेका थिए ।

कप्तान रोहित पौडेलले ४८ रनको पारी खेल्दा भुर्तेल ३४ रनमा आउट भए । त्यस्तै नेपालका लागि रूपेश सिंहले १९ रन बनाउँदा किरण ठगुन्नाले १५ रन बनाए भने करण केसी ८ रनमा आउट रहँदा सन्दीप लामिछाने ४ रनमा नटआउट रहे । कप्तान रोहित पौडेल आउट भएपछि मैदानमा आएका नन्दन यादवले अन्तिम ४ बलमा १२ रन जोड्दै खेललाई सुपर ओभरमा पुऱ्याएका थिए ।

नेदरल्याण्ड्सका लागि डेनियर ड्रोनले ४ ओभरमा १४ रन खर्चिएर ३ विकेट हात पारे भने विक्रमाजित सिंहले २ विकेट लिँदा क्याले क्लिन, बेन फ्लेचर र ज्याक लायन क्याचेतले १/१ विकेट लिएका थिए ।

त्यसअघि सन्दीप लामिछानेको उत्कृष्ट बलिङसहित नेपालले नेदरल्याण्ड्सविरुद्ध जितका लागि १५३ रनको लक्ष्य पाएको थियो । नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५२ रन बनाउँदै उक्त लक्ष्य प्रस्तुत गरेको थियो ।

टस हारेर ब्याटिङका लागि मैदानमा आएको नेदरल्याण्ड्स नेपाली स्टार बलर सन्दीप लामिछानेको धारिलो बलिङ सामू खुलेर खेल्न सकेन । सन्दीपले नेपालका लागि किफायती बलिङ गर्दै चार ओभरमा १८ रन दिएर ३ विकेट हात पारे ।

त्यस्तै नेपालका लागि ललित राजवंशीले चार ओभर बलिङ गर्दै २२ रन दिएर १ विकेट हात पारे । त्यस्तै नेपालका लागि नन्दन यादवले २ विकेट लिएका थिए । नेपालका लागि कुशल भुर्तेलले २ ओभर बलिङ गर्दै १ विकेट लिए । नेदरल्याण्ड्सका लागि विक्रमाजित सिंले ३० रन बनाए भने मिचेल लेभिटले २० रन बनाए भने म्याक्स ओडवले १९ रन बनाएका थिए । त्यस्तै कप्तान स्कट एडवार्डस् १ रनमा आउट हुँदा नोह क्रोसले २ रन बनाएका थिए । त्यस्तै ज्ञाह लायन क्याचेट ११ रन बनाउँदै आउट भए । नेदरल्याड्सका लागि तेजा निदामानुरुले सर्वाधिक ३५ रन बनाएका थिए । त्यस्तै सकिब जुल्फिकरले विस्फोटक पारि खेल्दै १२ बलमा २५ रन बनाए ।

## सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप

# पहिलो दिन रविलाई अग्रता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४-२५ कोअन्तिम तथा सर्वाधिक नगद पुरस्कार राशीको प्रतियोगिता, सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको पहिलो दिनरबि खड्का शीर्षस्थानमा रहन सफल भएका छन् ।

५-अन्डर ६७ को स्कोरमा रविले डिफेन्डिङ च्याम्पियन सुवास तामाङलाई १ स्ट्रोकले पछि परेका छन् । सुबाश४-अन्डर ६८ को स्कोरमा दोस्रो स्थानमा रहे । ३-अन्डर ६९को नतिजामा दुई एमेच्योर निम दोर्जी तामाङ र राहुल विश्वकर्मा तथा प्रो गल्फरद्वय भुवन नगरकोटी र धन बहादुर थापाले संयुक्तरूपमा तेस्रो स्थान बाँडे ।

२-अन्डर ७० स्कोर गरेका निरज तामाङ र विष्णु प्रसाद शर्मा संयुक्तरूपमा सातौं स्थानमा छन् । १-अन्डर ७१ स्कोर गरेका दीपक मगर, राम कृष्ण श्रेष्ठ र एमेच्योर वाङ्चेन ढोन्डुपले नवौं स्थान बाँडे ।

पूर्व नम्बर एक गल्फर रबिले छैटौं देखि नवौं होलसम्म लगातार चार बर्डी प्रहार गर्दै फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए । यसपछि ब्याक नाइनमा उनले १२औं र १७औं होलमा एक-एक सट बचाए । १३औं होलको बर्डीले ब्याकनाइन १-अन्डर ३५ मा पुरा गरे ।

सुवासले फ्रन्ट नाइन १-ओभर ३७ मा सकाए । छैटौं होलमा बर्डी प्रहार गरेपनि पाँचौं र सातौं होलमा एक-एक सट खेर फाले । उनले ब्याक नाइनमा भने उत्कृष्ट प्रदर्शन गरे । बोगीरहित ब्याक




नाइन खेल्ने क्रममा १०औं, १२औं र १६औं होलमा बर्डी प्रहार गरे । ५-पारको १५औं होलमा इगलको सफलता हात पारे ।

एमेच्योरतर्फ भुटानका निम दोर्जी र नेपालका राहुल संयुक्तरूपमा शीर्षस्थानमा रहे । उनीहरूले ३-अन्डर ६९ को स्कोरमा वाङ्चेनलाई २ स्ट्रोकले पछि पारे ।

निमले तेस्रो र सातौं होलमा इगल प्रहार गरे । छैटौं होलमा एक सट बचाए । पहिलो र आठौं होलमा बोगीको सामना गर्दा फ्रन्ट नाइन ३-अन्डर ३३ मा पुरा गरे । यसपछि ११औं र१४औं होलमा बर्डी तथा १५औं र १८औं होलमा बोगी खेपे । ब्याक नाइन इभन-पार ३६ खेले ।

राहुलले फ्रन्ट नाइन १-अन्डर ३५ तथा ब्याक नाइन २-अन्डर ३४ मा सकाए । उनले कुल ५ बर्डी र दुई बोगी प्रहार गरे । वाङ्चेनले १-अन्डर ७१ स्कोर गरे । वाङ्चेनले सातौं होलमा चार सट खेर फाले । उनले ६ बर्डी प्रहार गर्दा एक बोगी खेपेका थिए ।

नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनद्वारा आयोजित चारदिने प्रतियोगितामा ३७ जना प्रोफेसनल गल्फरले हालसम्मकै सर्वाधिक १६ लाख नगद पुरस्कार राशीको लागि दाबेदारी प्रस्तुत गरिरहेका छन् ।

विजेताले उपाधिसहित ३ लाख नगद पुरस्कार प्राप्त गर्नेछन् । दोस्रो हुने खेलाडीले १ लाख ८५ हजार, तेस्रोले १ लाख २५ हजार, चौथोले १ लाख ५ हजार र पाँचौं हुनेले ९२ हजार रूपैयाँ हात पार्नेछन् । शीर्ष २१ भित्र रहने सबै खेलाडी नगद पुरस्कारको हकदार बन्नेछन् । साथै प्रतियोगितामा १८ जना एमेच्योर खेलाडीहरू पनि प्रतिस्पर्धा गरिरहेका छन् ।

चार दिने प्रतियोगितापछि असार ७ गते (शनिबार) प्रो-एम प्रतियोगिता हुनेछ । जहाँ २५ जना प्रोफेसनल र १०० जना कर्पोरेटस्तरका एमेच्योर खेलाडीले भाग लिनेछन् ।



भियतनामको बाक गियाङ प्रान्तमा भर्खरै काटिएका लिची ढुवानी गर्दै स्थानीय किसानहरू । तस्बिर: सिन्ह्वा

# एयर इण्डिया दुर्घटनापछि अवशेषहरूको प्रतीक्षामा आफन्तहरू

**अहमदाबाद (भारत)–** दशकौंमा विश्वको सबैभन्दा खराब विमान दुर्घटनापछि भारतीय स्वास्थ्य अधिकारीहरूले आफन्तहरूलाई आफ्ना प्रियजनहरूको शव हस्तान्तरण गर्न थालेका छन् । यद्यपि अधिकांश परिवारहरू अझै पनि डिएनए परीक्षणको नतिजाका लागि सोमबार प्रतीक्षा गरिरहेका छन् ।



पश्चिमी सहर अहमदाबादमा एयर इण्डियाको जेट दुर्घटना हुँदा मारिएका २७९ जनामध्ये केहीको अन्त्येष्टि गरिएको छ भने अरूले पीडादायी प्रतीक्षाको सामना गरिरहेका छन् । 'उनीहरूले ४८ घण्टा लाग्छ भनेका थिए । तर चार दिन भइसक्यो र हामीले कुनै जवाफ पाएका छैनौं,' २२ वर्षीय रिनल क्रिश्चियनले भने । उनका दाजु जेटलाइनरमा यात्रु थिए ।

बिहीबार लण्डन जाने विमान अहमदाबादको आवासीय क्षेत्रमा ठोक्किँदा विमानमा सवार २४२ यात्रु र चालक दलमध्ये एक जनामात्र बाँचेका थिए भने जमिनमा पनि कम्तीमा ३८ जनाको मृत्यु भएको थियो । 'मेरो दाजु परिवारको एकमात्र कमाउने व्यक्ति हुनुहुन्थ्यो,' क्रिश्चियनले आइतबार भने, 'अब के हुन्छ ?' सहरको एक दाहसंस्कारमा करिब २० देखि ३० जना शोकाकुलहरूले लण्डनमा काम गरिरहेकी यात्रु मेघा मेहताको अन्त्येष्टि समारोहमा प्रार्थना गरे ।

अहमदाबादको सिभिल अस्पतालका डाक्टर राजनीश पटेलका अनुसार आइतबार बेलुकासम्म ८० दुर्घटना पीडितहरूको पहिचान भएको थियो । 'यो सावधानीपूर्वक र ढिलो प्रक्रिया हो, त्यसैले यो सावधानीपूर्वक मात्र गर्नुपर्छ,' पटेलले भने ।

आफ्नो नाम उल्लेख गर्न नचाहने एक पीडितका आफन्तले उनीहरूलाई कफिन प्राप्त गर्दा खोल्न नदिने निर्देशन दिइएको बताए । प्रत्यक्षदर्शीहरूले नराम्ररी जलेका शव र छरिएका अवशेषहरू देखेको बताएका छन् ।

कामदारहरूले आइतबार घटनास्थलबाट भग्नावशेष सफा गर्ने काम जारी राखेका थिए भने प्रहरीले क्षेत्रको निरीक्षण गरेको थियो । बोइङ ७८७-८ ड्रिमलाइनर विमान उडान भरेको केही समयपछि मेडिकल स्टाफले प्रयोग गरेको भवनमा ठोक्किएको थियो । विमानमा १६९ जना भारतीय, ५३ जना ब्रिटिस, सात जना पोर्चुगिज र एक जना क्यानडाली तथा १२ जना चालक दलका सदस्य रहेको एयर इण्डियाले जनाएको छ ।

### हामीले जान्नुपर्छ

भारतीय अधिकारीहरूले अझै पनि विपत्तिको कारण पहिचान गर्न सकेका छैनन् र एयर इण्डियाका ड्रिमलाइनरहरूको निरीक्षणको आदेश दिएका छन् । अधिकारीहरूले आइतबार दोस्रो ब्ल्याक बक्स, ककपिट भ्वाइस रेकर्डर, फेला परेको घोषणा गरेका छन् । यसले खोजकर्ताहरूलाई के गलत भयो भन्ने बारे थप संकेत दिन सक्छ ।

उड्डयनमन्त्री राम मोहन नायडु किन्जारापुले शनिबार पहिलो ब्ल्याक बक्स, फ्लाइट डाटा रेकर्डरको डिकोडिङले दुर्घटनाको परिस्थितिमा 'गहिरो अन्तर्दृष्टि दिने' आशा गरेको बताए । भग्नावशेषबाट एक व्यक्ति बेलायती नागरिक विश्वासकुमार रमेश जीवित निस्केका थिए । उनका भाइ पनि उडानमा थिए ।

आफ्नो भाइलाई फेला पार्न डिएनए मिलानको पर्खाइमा रहेका इम्तियाज अलीले एयरलाइन्सले परिवारलाई छिटो सहयोग गर्नुपर्ने बताए । 'म उनीहरूसँग निराश छु । यो उनीहरूको कर्तव्य हो,' शनिबार एयरलाइनले सम्पर्क गरेका अलीले भने, 'अर्को चरण यो दुर्घटनाको कारण पत्ता लगाउनु हो । हामीले जान्नुपर्छ ।' *रासस/एएफपी*

# लस एन्जेलसमा कफर्च्यू 'केही दिन' जारी रहने

**लस एन्जेलस (अमेरिका)–** लस एन्जेलसमा राति लगाइएको कफर्च्यू 'केही दिन' जारी रहने मेयर करेन बासले आइतबार बताएका छन् । यो नवौं दिनको प्रदर्शन हो जसले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सैन्य समर्थित दमनकारी कारबाही सुरु गर्न बाध्य बनाएको छ ।



डेमोक्रेट नेतृत्वको क्यालिफोर्नियाको भारी ल्याटिनो जनसंख्या भएको सहरमा कागजातविहीन आप्रवासीहरूलाई पक्रन ट्रम्प प्रशासनले सुरु गरेको आप्रवासन छापाको विरोधमा प्रदर्शनकारीहरूले जुन ६ देखि विरोध प्रदर्शन सुरु गरेका थिए । र्‍यालीहरू प्रायः शान्तिपूर्ण र डाउनटाउन लस एन्जलसको सानो क्षेत्रमा सीमित छन्, तर छिटपुट र आँखा खिच्ने हिंसाले बिगारेको छ । र्‍यालीलाई रिपब्लिकन ट्रम्पले चार हजार नेसनल गार्ड र ७०० मरिन पठाउने बहानाको रूपमा प्रयोग गरेका छन् ।

स्थिति नियन्त्रणमा रहेको दाबी गर्ने स्थानीय अधिकारीहरूको विरोधका कारण यो असाधारण तैनाथी भएको हो । बासले तोडफोड र लुटपाटका घटनाहरू रोक्नका लागि विरोध प्रदर्शनको मुटुमा रहेको डाउनटाउन क्षेत्रमा जुन १० मा रातभर कफर्च्यू जारी गरेका थिए । आइतबार उनले हिंसात्मक घटनाहरूका पछाडि रहेका व्यक्तिहरूको सफ्या 'कम हुने छ' भन्ने आशा गरिरहेको बताए ।

'त्यसैले मलाई थाहा छ कफर्च्यू कम्तीमा केही दिनसम्म चल्नेछ,' स्थानीय समाचार च्यानल केटिएलएसँगको टेलिभिजन अन्तर्वार्तामा अझ कति दिन लाग्ने भनेर भविष्यवाणी गर्न नसक्ने उल्लेख गर्दै उनले भने, 'हामीलाई थाहा छैन कति छापाहरू हुने छन्, हामीलाई थाहा छैन छापाहरूको प्रकृति के हुने छ र हरेक पटक त्यस्तो हुँदा यसले सहरमा धेरै रिस उत्पन्न गर्छ ।'

प्रदर्शनबाट अप्रभावित देखिएका ट्रम्पले आइतबार संघीय अधिकारीहरूलाई लस एन्जलससहित उनीहरूको निर्वासन प्रयासहरू बढाउन निर्देशन दिए । बासले लस एन्जलसमा अध्यागमन तथा भन्सार प्रवर्तन (आइसिई) एजेन्सीले छापा मारेको आक्रोश र डरको उल्लेख गरे ।

'मानिसहरू आफ्नो घर छोड्न डराउँछन् । छापाहरूले कहिलेकाहीँ 'अन्धाधुन्ध' लाग्छन्,' उनले भने, 'यो संयुक्त राज्य अमेरिका हो । यदि तपाईं सार्वजनिकरूपमा बाहिर जानुहुन्छ भने तपाईंले आफ्ना कागजातहरू देखाउनु पर्दैन । यो लक्षित छ भनेर विश्वास गर्न मलाई गाह्रो छ ।'

ट्रम्पले सामाजिक सञ्जालमा आइसिई एजेण्टहरूलाई 'हिंसा, उत्पीडन र धम्कीहरू' को सिकार भएको बताए र उनीहरूलाई सामूहिक निर्वासनलाई प्रभाव पार्न 'आफ्नो शक्तिमा सबै गर्न' आदेश दिए । शनिबार ठूला र्‍याली र मार्चपछि आइतबार लस एन्जेलस प्रायः शान्त थियो । देशभरका ट्रम्प विरोधी 'नो किंग्स' शृंखलाका प्रदर्शनहरूको हिस्सास्वरूप हजारौं मानिसले छापाहरू र सैन्य दमनको निन्दा गर्न भाग लिएका थिए ।

प्रदर्शनकारीहरूको सानो समूहले घमाइलो दिउँसो कानुन प्रवर्तनको निगरानीमा सिटी हलको वरिपरि मार्च गरेको थियो । प्रदर्शनमा बिकिनी लगाएका केही महिलाले 'हट गर्ल समर मेल्ट आइसिई' जस्ता नाराहरू लेखिएका प्लेकार्डहरू बोकेका थिए । *रासस/एएफपी*

इरान-इजरायल द्वन्द्व

# इरानी आक्रमणमा आठ जनाको मृत्यु, ९२ घाइते

**जेरुसेलम–** इरानले इजरायलमामा गरेको पछिल्लो आक्रमणमा पाँच जनाको मृत्यु हुनुका साथै ९२ जना घाइते भएको इजरायलको म्यागेन डेभिड एडोम (एमडिए) आपत्कालीन सेवाले सोमबार बताएको छ ।



मध्य इजरायलका चारवटा स्थलमा भएका आक्रमणमा हताहत भएको एमडिएले एक विज्ञप्तिमार्फत जनाएको छ । मृत्यु हुनेमा दुई महिला र दुई पुरुषका साथै एक थप समावेश छन् ।

अहिलेसम्म एमडिए टोलीहरूले ९२ जना घाइतेलाई अस्पतालमा लगेका छन् । जसमा एक महिलाको अवस्था गम्भीर अवस्थामा रहेको र बाँकी सामान्य घाइते रहेको जनाइएको छ । एमडिएले चारमध्ये दुई स्थानमा खोजी र उद्धार कार्य जारी रहेको बताएको छ ।

इजरायलले इरानमा आक्रमण गरेपछि दुवै पक्षले थप विनासको धम्की दिएका थिए । इरानले सोमबार इजरायली सहरहरूमा मिसाइल आक्रमण गरेको छ । इजरायली रक्षामन्त्री इजरायल काट्जले सोमबार तेहरानले इजरायली नागरिकहरूमाथि इरानी आक्रमणको चर्को मूल्य चुकाउने चेतावनी दिएका छन् ।

### भारतद्वारा इरानमा रहेका विद्यार्थी स्थानान्तरण

इजरायलले इरानमा आक्रमण गरेपछि इरानमा रहेका भारतीय विद्यार्थीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जनाइएको छ । गत शुक्रबार इजरायलको इरानविरुद्ध पहिलो आक्रमणपछि तेहरानले इजरायलविरुद्ध आक्रमण गरेर प्रतिक्रिया दिइरहेको छ । यसले द्वन्द्व क्षेत्रीय युद्धमा परिणत हुनसक्ने विश्वव्यापी आकलन बढाएको छ ।

दुवै देशसँग सम्बन्धमा रहेको भारतले तेहरानले आफ्नो हवाई क्षेत्र बन्द गरेपछि आफ्ना नागरिकहरूलाई इरानभित्र स्थानान्तरण गर्न खोजेको जनाएको छ । तेहरानमा रहेको भारतीय दूतावासले सुरक्षा अवस्थाको निरन्तर निगरानी गर्दै इरानमा रहेका भारतीय विद्यार्थीलाई उनीहरूको सुरक्षा सुनिश्चित गर्न प्रयास गरेको भारतीय विदेश मन्त्रालयले एक विज्ञप्तिमा उल्लेख गरेको छ ।

केही विद्यार्थीलाई दूतावासको सुविधासहित इरानका सुरक्षित स्थानहरूमा सारिएको मन्त्रालयले जनाएको छ । गत वर्षको सरकारी तथ्यांकअनुसार इरानमा करिब १० हजार भारतीय नागरिक छन् भने सन् २०२२ को तथ्यांकमा इरानमा दुई हजारभन्दा बढी विद्यार्थी रहेका छन् ।

भारतले शुक्रबार दुवै देशलाई सम्भावित सहयोग विस्तार गर्न तयार रहेको बताएको छ । इरानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा कम्तीमा २२४ जनाको मृत्यु भएको जनाएको छ । यस्तै तेहरानले जवाफी आक्रमण सुरु गरेदेखि एक दर्जनभन्दा बढीको मृत्यु भएको इजरायली अधिकारीहरूले जनाएका छन् ।

## तनाव कम गर्न 'तुरुन्तै' कदम चाल्न चीनको आग्रह

**बेइजिङ–** तेहरानले इजरायली सहरहरूमा मिसाइल आक्रमणको वर्षा गरेपछि र इजरायलले इरानभित्र गहिरो सैन्य लक्ष्यहरूमा प्रहार गरेपछि चीनले सोमबार इरान र इजरायललाई तनाव कम गर्न 'तुरुन्तै' कदम चाल्न आग्रह गरेको छ ।

'हामी सबै पक्षलाई तुरुन्तै तनाव घटाउने उपायहरू अपनाउन, क्षेत्रलाई ठूलो अशान्तिमा डुब्नबाट रोक्न र वार्तालापमार्फत समस्या समाधानको सही बाटोमा फर्कने अवस्था सिर्जना गर्न आग्रह गर्छौं,' चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भने ।

दशकौंको शत्रुता र प्रोक्सी तथा गुप्त अपरेसनहरूमार्फत लडिएको लामो छायाँ युद्धपछि गत हप्ता इजरायलको इरानमाथिको अचानक आक्रमणले अहिलेसम्मकै तीव्र लडाइँ सुरु गरेको छ र लामो द्वन्द्वको डर जगाएको छ । यो द्वन्द्वले मध्यपूर्वलाई समेट्न सक्छ ।

इजरायलले आफ्नो आक्रमणले सैन्य र आणविक सुविधाहरूमा प्रहार गरेको र धेरै शीर्ष इरानी कमाण्डर र आणविक वैज्ञानिकहरू मारिएको बताएको छ । यद्यपि एक वरिष्ठ अमेरिकी अधिकारीले आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई सर्वोच्च नेता आयातुल्लाह अली खामेनीलाई मार्ने योजनाबाट पछि हट्न भनेको बताए ।

चीनका शीर्ष कूटनीतिज्ञ एवं विदेशमन्त्री वाङ यीले शनिबार आफ्ना इजरायली र इरानी समकक्षीहरूसँग गरेको फोनवार्तामा उनले दुवैलाई तेहरानप्रति बेइजिङको समर्थन स्पष्ट पारेको विदेश मन्त्रालयले बताएको छ । चीनको इरानसँग घनिष्ठ सम्बन्ध छ । चीन इरानको सबैभन्दा ठूलो व्यापारिक साझेदार र यसको तेलको मुख्य खरिददाता हो भने तेहरान अझै पनि कडा अमेरिकी प्रतिबन्धमा छ ।

'सबै सम्बन्धित पक्षहरूले तुरुन्तै वृद्धिमा ब्रेक लगाउन र तनाव कम गर्न कदम चाल्नुपर्छ,' गुओले सोमबार भने, 'बलले दिगो शान्ति ल्याउन सक्दैन । चीनले यस क्षेत्रमा थप अशान्ति रोक्न सम्बन्धित पक्षहरूसँग सञ्चार जारी राख्ने छ, शान्ति प्रवर्द्धन गर्ने छ र वार्तालाई प्रोत्साहन दिने छ ।' *रासस/एएफपी*

### तेल अभिभस्थित अमेरिकी दूतावास भवनमा क्षति

इजरायलका लागि अमेरिकी राजदूत माइक हकाबीले सोमबार तेल अभिभमा रहेको दूतावास भवनमा नजिकैको इरानी क्षेप्यास्त्र आक्रमणबाट थोरै क्षति भएको र अमेरिकी कर्मचारीहरूलाई कुनै चोट नलागेको बताएका छन् ।

इजरायलले इरानभित्र गहिरो सैन्य लक्ष्यमा आक्रमण गरेपछि दुवै पक्षले थप विनासको धम्की दिएका छन् । इरानले सोमबार बिहान इजरायली सहरहरूमा मिसाइल प्रहार गरेको थियो । इजरायली सेनाले मानिसहरूलाई आउने इरानी क्षेप्यास्त्रहरूबाट सुरक्षा लिन चेतावनी दिएपछि एएफपी तस्बिरहरूले तेल अभिभको तटीय केन्द्रमा भवनहरू ध्वस्त भएको देखाएका छन् ।

'तेल अभिभमा दूतावास शाखा नजिकै इरानी मिसाइल प्रहारको धक्काबाट केही सामान्य क्षति भएको छ तर अमेरिकी कर्मचारीहरूलाई कुनै चोटपटक लागेको छैन,' हकाबीले एक्समा भने । उनले 'स्थानमा आश्रयको आदेश अझै प्रभावमा रहेको' भन्दै जेरुसेलमको अमेरिकी दूतावास सोमबार बन्द रहने बताए ।

दशकौंको शत्रुता र प्रोक्सी युद्धहरूपछि गत हप्ता इजरायलको इरानमाथिको आक्रमणले अहिलेसम्मकै तीव्र लडाइँ सुरु गरेको छ र लामो द्वन्द्वको डर जगाएको छ । यसले सम्पूर्ण मध्यपूर्वलाई समेट्न सक्छ । इजरायलले आफ्नो आक्रमणले सैन्य र आणविक सुविधाहरूमा प्रहार गरेको र धेरै शीर्ष कमाण्डरहरू र आणविक वैज्ञानिकहरू मारिएको बताएको छ । तर एक वरिष्ठ अमेरिकी अधिकारीले आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको हत्या गर्ने योजनाबाट पछि हट्न भनेको बताए ।

ट्रम्पले शत्रुहरूलाई 'सम्झौता गर्न' आग्रह गरेका छन् तर आइतबार पत्रकारहरूलाई भने, 'कहिलेकाहीँ उनीहरूले पहिले लड्नुपर्छ ।' *रासस/एएफपी*

# पूर्वनेता हसिनालाई मुद्दाको सामना गर्न फर्कन आदेश

**ढाका–** बंगलादेशको युद्ध अपराध अदालतले सोमबार फरार पूर्वनेता शेख हसिनालाई मानवताविरुद्धको अपराधको आरोपमा मुद्दाको सामना गर्न फर्कन आदेश दिएको छ । ७७ वर्षीया हसिना सन् २०२४ अगस्टमा विद्यार्थी नेतृत्वको जनविद्रोहको चरमोत्कर्षमा हेलिकप्टरबाट ढाका छोडेर भारत भागेकी थिइन् । उनले बंगलादेश फर्कने प्रत्यर्पण आदेशको अवहेलना गरेकी छन् ।



संयुक्त राष्ट्रसंघका अनुसार हसिनाको सरकारले सत्तामा टिकिरहने असफल प्रयासमा दमनकारी कारबाही सुरु गर्दा सन् २०२४ जुलाई र अगस्टको बीचमा एक हजार ४०० जनासम्मको मृत्यु भएको थियो । हसिना र उनको पदच्यूत सरकार र उनको अहिले प्रतिबन्धित पार्टी अवामी लिगसँग जोडिएका पूर्ववरिष्ठ व्यक्तित्वहरूमाथि बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) मा मुद्दा चलाइएको छ ।

अभियोजकहरूले हसिनाविरुद्ध उक्साहट, उत्प्रेरणा, संलग्नता, सहजीकरण, षडयन्त्र र सामूहिक हत्या रोक्न असफलता सहित पाँच आरोप दायर गरेका छन् । ती आरोप बंगलादेशी कानुनअनुसार मानवताविरुद्धको अपराधसम्म पुग्छन् । 'अदालतले अभियोजन टोलीलाई यथाशीघ्र अदालतमा उपस्थित हुन बोलाउने सूचना जारी गर्न निर्देशन दिएको छ,' मुख्य अभियोजक मुहम्मद ताजुल इस्लामले सोमबार भने ।

हसिना फर्किन असफल भएमा जुन २४ मा उनको अनुपस्थितिमा मुद्दा सुरु हुने छ । हसिनाले गृह मन्त्रालय र प्रहरीका निर्देशनहरूमार्फत सुरक्षा बलहरूलाई प्रदर्शनहरू दबाउन आदेश दिएकी थिइन् भन्ने अभियोजनको तर्क छ । हसिनामाथि अन्य दुई अधिकारीसँगै मुद्दा चलिरहेको छ । तीमध्ये एक, पूर्वगृहमन्त्री असदुज्जमान खान कमाल छन् । उनीमाथि समान आरोपहरू छन् । उनी पनि फरार छन् ।

दोस्रो, पूर्वप्रहरी प्रमुख चौधुरी अब्दुल्लाह अल मामुन हिरासतमा छन् र सोमबार उनी अदालतमा उपस्थित भएका थिए । हसिना सरकारका वरिष्ठ व्यक्तिहरूको अभियोजन अहिले सत्ताका लागि संघर्ष गरिरहेका धेरै राजनीतिक दलहरूको प्रमुख माग हो । अन्तरिम सरकारले सन् २०२६ अप्रिलमा चुनाव गराउने बताएको छ । यद्यपि केही दलले पहिले मतदानका लागि दबाब दिइरहेका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| | १९७५०० | ० | २१६५ |

## उत्पादकत्व वृद्धि गरेर अर्थतन्त्रमा योगदान दिनुपर्नेमा जोड




■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)** – उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उत्पादकत्व वृद्धि र रोजगारी सृजना गरेर मुलुकको अर्थतन्त्रमा योगदान दिन सक्नुपर्ने बताएका छन् ।

ललितपुर महानगरपालिकाद्वारा सोमबार एकान्तकुनामा आयोजित चौथो महिला उद्यमी सम्मेलनको उद्घाटन गर्दै मन्त्री भण्डारीले अरु देशका बजार नेपाल बन्ने समस्यालाई हामीले नेपालभित्रै साना, लघु र घरेलु उद्योगको प्रवर्द्धनबाट समाधान गर्नुपर्ने बताए ।

'हामी मेड इन नेपालको उत्पादनलाई खरिद गर्नेछौं, हरेक जनप्रतिनिधि र कर्मचारीले पाउने पोसाक भत्ताले नेपाली उत्पादनहरू खरिद गर्नुपर्छ, हाम्रो दैनिक जीवनमा नेपालका उत्पादनले प्राथमिकता पाउनुपर्छ, हाम्रो उत्पादनको ब्राण्डिङ पहिलो प्राथमिकता हो, बजेटमा उद्यमशीलतालाई प्राथमिकतामा राखिएको छ, कानुन, विधि र नीतिगत रूपमा सम्बोधन गरेर उपलब्धि हासिल गर्नुछ, थुप्रै कानुनका सुधारहरू सरकारले गरेको छ, लगानीमा क्षेत्रहरू पहिचान गरेर प्राथमिकतामा राख्न सरकारले जोड दिएको छ ।'

मन्त्री भण्डारीले महिलाले सञ्चालन गर्ने उद्योगमा सरकारले कर छुटको सहुलियत दिएको छ भन्दै उद्योग मन्त्रालय नेपालको जिडिपीमा उद्योगको योगदान बढाउन नीति र कानुनमा सहुलियत दिने कुरामा ध्यान दिएर लागेको छ भने ।

'बजेटमा रोजगारी सृजना गर्ने, उद्यमशीलता वृद्धि गर्ने, राष्ट्रिय आवश्यकता पूरा गर्ने विषयलाई समेटिएको छ, स्टार्टअप र रचनात्मक उद्यमशील परियोजनालाई रु २५ लाखसम्म दिने कार्यक्रम समावेश गरेका छौं, महिलालाई उद्यमशीलतातर्फ आकर्षित गर्नुपर्छ', उनले भने ।

नेपालको उद्यमशीलताको विकासमा ललितपुरका उद्यमीको महत्वपूर्ण योगदान रहने उल्लेख गर्दै मन्त्री भण्डारीले उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा सफल हुने क्रममा कति उद्यमी र उत्पादन वृद्धि गर्न सक्यो भन्ने भूमिका महत्वपूर्ण हुन्छ भने ।

विश्वमा आफ्नो उत्पादनको बजारीकरण र ब्रान्डिङ गर्ने सन्दर्भमा प्रतिस्पर्धा चलिरहेको उल्लेख गर्दै उहाँले यो प्रतिस्पर्धामा नेपालले सामेल हुनुपर्नेमा जोड दिए । 'लघु घरेलु कोष स्थापना गरेका छौं, सार्वजनिक निकायमा स्वदेशी उत्पादनको प्रयोगसम्बन्धी कानुन ल्याएका छौं, पहिलो बजार राष्ट्रिय बजार नै हो, राज्यका निकायमा बसेकाहरूले यसको प्रवर्द्धन गर्नुपर्छ', उनले भने ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले नेपालकै सबैभन्दा जेठो स्थानीय पालिकाले गर्ने काम अरु स्थानीय तहले अनुसरण गर्ने खालको हुनुपर्छ भन्दै यसका लागि सबै कर्मचारीले ध्यान दिएर कार्यसम्पादन गर्न आग्रह गरे ।


'ललितपुर महानगरको उत्पादनलाई देशैभर चर्चा कमाउने गरी उत्कृष्ट बनाउन लाग्नुस्, हामी समस्या सम्बोधन गर्न तयार छौं,' प्रमुख महर्जनले भने ।

जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुयालले महिलाले आफूले उत्पादन गर्ने सन्दर्भमा भोगेका समस्या समाधान गर्न, पूँजी, सीप, प्रविधि र बजारको व्यवस्थापन गर्न यो उद्यमी सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

महानगरका उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले उद्यम, उत्पादन र रोजगारीलाई प्राथमिकता दिएर लागेका महिलालाई प्रोत्साहन गरेर राज्यको अपेक्षाअनुसार समृद्धि हासिल गर्न लाग्नुपर्ने तथा हाम्रो महानगर, राम्रो महानगर बनाउन लाग्नुपर्नेमा जोड दिइन् ।

# 'सिद्धान्तविपरीतको अग्रिम आयकर व्यवस्था हटाइयो'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेटमा सरकारले करका सिद्धान्तभन्दा विपरीत रहेको अग्रिम आयकरको व्यवस्था हटाएको जनाएका छन् । सोमबार प्रतिनिधि सभा संसदमा अर्थमन्त्री पौडेलले बजेटका बारेमा उठेका प्रश्नको जवाफ दिने क्रममा उक्त कुरा बताएका हुन् । उक्त अवसरमा अर्थमन्त्री पौडेलले आम्दानी नगर्दै आयकर लगाउने विगतको अभ्यासलाई सच्च्याइएको जनाए ।

सम्पत्ति शुद्धीकरण निवारणमा वित्तीय कारबाही कार्यदलको 'ग्रेलिष्ट'मा पर्नुको कारण पूर्ववर्ती सरकार भएको आरोप अर्थमन्त्री पौडेलले लगाए । 'देशलाई ग्रेलिस्टबाट बाहिर निकाल्नुपर्ने छ । त्यसका लागि रणनीति, कार्ययोजना बनेका छन्', उनले भने । सघन निगरानी सूचीबाट चाँडै बाहिर निस्कन र भविष्यमा यस्तो अवस्था आउन नदिन रणनीति बनाएर अघि बढ्ने गरी बजेट ल्याएको उनले बताए । सम्पत्ति शुद्धीकरण निवारणको मामिलामा अनुसन्धान र अभियोजनका काम कमजोर हुँदा ग्रेलिस्टमा परेकामा अब त्यसलाई प्रभावकारी बनाइने अर्थमन्त्रीले बताए ।

आगामी आवको बजेटको स्रोत र खर्चको अनुमान कार्यान्वयन हुने प्रकृतिको रहेको, बजेटको आकार यथार्थपरक रहेको बताउँदै अर्थमन्त्रीले स्रोतको व्यवस्थापन हुन सकेन भने बजेट कार्यान्वयन हुन सक्दैन भने । उनले आय र व्यय दुवैको अनुमान यथार्थपरक भएको भएको बताए ।

'यसपटकको बजेटमा म सबैभन्दा बढी प्रस्तावित विनियोजन मात्र होइन स्रोत पनि यथार्थपरक र कार्यान्वयनयोग्य हुनुपर्छ भन्नेमा सचेत थिएँ । बजेटमा राजस्व परिचालन, अन्तरराष्ट्रिय सहयोग र आन्तरिक ऋणको तथ्यपरक अनुमान भएको छ', अर्थमन्त्रीले भने । अघिल्लो सरकारले महत्वाकांक्षी राजस्व लक्ष्य राख्ने गरेको र त्यो सम्भव देखिएको उनले उल्लेख गरे ।

'विगतमा ४१ प्रतिशतसम्म राजस्व बढ्नसक्ने अनुमान गरेर बजेट ल्याएका उदाहरण हामीसँग छन् । तर आगामी आवको बजेट चालु आवको संशोधित राजस्व अनुमानको तुलनामा १७ प्रतिशत मात्रै बढ्ने भनेर आन्तरिक राजस्वको अनुमान गरिएको छ', उनले भने, 'चुहावट नियन्त्रण गर्ने, करका दायरा विस्तार गर्ने, कर प्रशासन चुस्त बनाउनेजस्ता कार्यबाट हामी १७ प्रतिशतको राजस्व वृद्धिको लक्ष्य पूरा गर्छौं ।'

वैदेशिक स्रोतको अनुमान गर्दा पनि पूर्वतयारी सकिएका र कार्यान्वयनको चरणमा जान योग्य आयोजना र कार्यक्रम हेरेर मात्रै अनुमान गरिएको अर्थमन्त्री पौडेलको भनाइ छ । बजेटको परीक्षण कार्यान्वयनका क्रममा हुने पनि उनले बताए ।

सार्वजनिक ऋण बढेको र ऋणको पासोको चुनौती थपिएको भनिए पनि सरकारले प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा आन्तरिक र बाह्य ऋणको अनुमान गरेको अर्थमन्त्रीले बताए । आगामी आवको बजेट बनाउँदा आर्थिक अनुशासन कायम गर्न साना तथा खुद्रा आयोजना छर्ने र आर्थिक अनुशासनबाट विचलित हुने गरी बजेट पेस नभएको उनले बताए । भूमि बैंकको प्रयोग, प्रभाव र नतिजा विश्लेषण नगरिकन विरोधका लागि मात्रै विरोध नगर्न पनि उनले प्रतिपक्षी दलहरूलाई आग्रह गरे । बाँझो जमिन सदुपयोग गर्ने र उत्पादकत्व बढाउनका लागि भूमि बैंकको अवधारणा आएको उनले स्पष्ट पारे ।

आगामी आवको बजेटमा परेको जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) मा 'टेक एन्ड पे'को व्यवस्थाबारे धेरै आलोचना भएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले अहिले संसद्मा विचाराधीन विद्युत् विधेयकले निजी क्षेत्रलाई पनि विद्युत् व्यापारका लागि बाटो खोल्ने भएकाले निजी क्षेत्रले आफैं विद्युत् बेच्न सक्ने र नेपाल विद्युत् प्राधिकरणले माग र आपूर्तिको अवस्था हेरेर विद्युत् किन्ने भएकाले यो व्यवस्था गरिएको बताए । जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको लगानी निरुत्साहन गर्नका लागि नभई उनीहरूलाई उत्पादन, प्रसारण र वितरणमा समेत अधिकार दिएर थप लगानी अभिवृद्धि गर्ने उद्देश्यसहित यो व्यवस्था ल्याइएको अर्थमन्त्रीले बताए ।

'अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको आत्मविश्वास बढाउने, लगानी प्रवर्द्धन गर्ने, पुँजीगत खर्च बढाउने, विदेशी लगानी प्रवर्द्धन गर्ने, नवप्रवर्तनलगायत विषयलाई प्रवर्द्धन गरी अर्थतन्त्र गतिशील तुल्याउने लक्ष्यका साथ बजेट आएको छ', उनले भने ।

बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि स्रोत व्यवस्थापन गर्ने, लगानी मोडालिटी टुंग्याउने र आयोजना अघि बढाउने गरी बजेटमा व्यवस्था गरिएको अर्थमन्त्रीले बताए । दूधकोशी जलाशययुक्त आयोजनालाई जग्गा प्राप्तिका लागि बजेट छुट्याइ प्रक्रिया अघि बढेको, हुलाकी राजमार्ग आगामी दुई वर्षभित्र पूरा गर्नेगरी रकम विनियोजन भएको तथा बजेटले राष्ट्रिय गौरव र राष्ट्रिय महत्वका आयोजनामा बजेट अभाव हुन नदिने व्यवस्था मिलाइएको जानकारी दिए ।

रुग्ण उद्योगहरूको अवस्था अध्ययन,चुरेको संरक्षण उच्च प्राथमिकतामा रहेको, बजेटमार्फत ल्याइएका विभिन्न सेवा सुविधालाई कुनै व्यक्ति, समूह वा निजी क्षेत्रलाई पोस्नका लागि ल्याइएको भनेर लगाइएका आरोपको अर्थमन्त्रीले खण्डन गरे ।

संघीय सरकारले कार्यान्वयन गर्नेगरी आगामी रु तीन करोडभन्दा कम लागतका आयोजना बजेटमा नपरेका उनले स्पष्ट पारे । 'चालु आवमा सिर्जित दायित्व भुक्तानीका लागि, चालु आयोजना सम्पन्न गर्ने प्रयोजनका लागि र विपद् पछिको पुनर्निर्माणका लागि रु तीन करोडभन्दा कम लागतका आयोजनामा बजेट विनियोजन भएको हुन सक्छ ।

## 'ह्विलिङ चार्ज'को विषय चाँडो टुंग्याउन निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् प्रसारण गरेवापत लिने शुल्क 'ह्विलिङ चार्ज'को विषयलाई चाँडो टुंग्याउन विद्युत् नियमन आयोगलाई निर्देशन दिएका छन् ।

ऊर्जा मन्त्रालयमा सोमबार 'ह्विलिङ चार्ज'सम्बन्धी भएको छलफलमा मन्त्री खड्काले निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणमा ल्याइसकेकाले विद्युत् प्रसारण गर्दा लाग्ने 'ह्विलिङ चार्ज' को विषयलाई चाँडो टुंग्याउन निर्देशन दिएका हुन् ।

'सरकारले लिएको ऊर्जा विकासका लक्ष्यलाई पूरा गर्न निजी क्षेत्रलाई प्रसारण लाइन निर्माणको बाटो खोलिएको छ, प्रसारण लाइन निर्माण गरेवापतको लाग्ने शुल्क टुंग्याउन नसक्दा काम अगाडि बढ्न सकेको छैन, एक हप्ताभित्र 'ह्विलिङ चार्ज'को विषयलाई टुंग्याउनुहोस्', मन्त्री खड्काले भने ।

मन्त्री खड्काले निजी क्षेत्रको सहभागितामा प्रसारण लाइन निर्माण गर्ने निर्णय गरेको लामो समय भइसक्दा 'ह्विलिङ चार्ज' को विषय टुंग्याउन नसक्दा समस्या परेको बताए । रातदिन नभनी 'ह्विलिङ चार्ज' को विषयलाई टुंग्याउनुपर्ने मन्त्री खड्काको भनाइ थियो ।

ऊर्जामन्त्री खड्काले प्रसारण लाइनको अभावका कारण खोलामा उत्पादित विद्युत् खेर गइरहेको र सुक्खा याममा भारतबाट विद्युत् आयत गर्नुपर्ने अवस्था रहेको भन्दै अब त्यसो हुन नदिने गरी काम गर्नुपर्ने बताए ।

बैठकमा विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल र आयोगका सदस्य डा मधुसुदन अधिकारीले प्रसारण लाइनमा 'ह्विलिङ चार्ज'को शुल्कबारे आयोगले अहिलेसम्म गरेको तयारीबारे मन्त्री समक्ष प्रस्तुत गरेका थिए । बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका राज्यमन्त्री खमबहादुर गर्बुजा, ऊर्जा सचिव सुरेश आचार्य र मन्त्रालयका सहसचिवलगायत उच्च तहका कर्मचारीको सहभागीता रहेको थियो ।

## नेप्सेमा सामान्य सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । साताको दोस्रो दिन सोमबार नेप्से परिसूचक दुई दशमलव ८० अंकले बढेर दुई हजार छ सय ५८ दशमलव ६६ विन्दुमा कायम भएको हो ।

तीन सय १८ कम्पनीका तीन करोड ३६ लाख ३७ हजार नौ सय ६६ कित्ता सेयर एक लाख पाँच हजार छ सय ३५ पटक खरिदबिक्री हुँदा रू १३ अर्ब १८ करोड ६९ लाख ४५ हजार सात सय ४२ बराबरको कारोबार भएको छ । कारोबारमा वित्त समूह एक दशमलव २२, जलविद्युत् एक, लगानी शून्य दशमलव १३ उत्पादन तथा प्रशोधन शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक चार दशमलव ६९ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ४८, विकास बैंक शून्य दशमलव २९, जीवन बीमा शून्य दशमलव १२, लघुवित्त शून्य दशमलव ५९, म्युचुअल फन्ड शून्य दशमलव ३५, निर्जीवन बीमा शून्य दशमलव २५ र व्यापार समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ ।

कारोबारमा पिओर इनर्जी लिमिटेड र पिपुल्स पावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सबैभन्दा धेरै गुमाउनेमा भने अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य सात दशमलव ५८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सानिमा माई हाईड्रोपावर लिमिटेडको रू ९५ करोड १६ लाख २२ हजार छ सय ८७ बराबरको सेयर किनबेच भएको छ । त्यस्तै खरिदबिक्री भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन ८०-२० को २७ लाख एक हजार आठ सय कित्ता सेयर किनबेच भएको छ ।

## पर्यटन व्यवसायमा महिला सहभागिता बढाउनुपर्नेमा जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** पर्यटन व्यवसायमा महिला सहभागिता अभिवृद्धि गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

नेपाल पर्यटन बोर्ड र महिला पर्यटन व्यवसायी सञ्जालको संयुक्त आयोजनामा भएको व्यवसायीहरूको क्षमता तथा व्यवसाय प्रवर्द्धनका लागि प्रशिक्षण कार्यक्रमका बक्ताहरूले आयआर्जन, रोजगारी सिर्जना र आर्थिक सबलीकरणका लागि पर्यटन व्यवसायमा महिला सहभागिता बढाउनुपर्ने धारणा राखेका छन् ।

सञ्जालकी अध्यक्ष निर्मला धमलाको सभापतित्वमा भएको उक्त समारोहमा नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणा, महिला उद्यमी महासंघकी अध्यक्ष शोभा ज्ञावाली, नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मतसिं ऐर, नेपाल ट्रेकिङ् एजेन्ट्स् एसोसिएसनका अध्यक्ष सागर पाण्डे, नेपाल पर्वतारोहण संघका वरिष्ठ उपाध्यक्ष ठाकुर पाण्डे, नाट्टाका वरिष्ठ उपाध्यक्ष जिसुवा तुलाधारलगायतले पर्यटन व्यवसायका विभिन्न क्षेत्रहरूमा महिलाले विशिष्ट योगदान दिनसक्ने हुँदा उनीहरूलाई यसतर्फ आकर्षित गराउन सरकार र निजी क्षेत्रबाट ठोस योजना र कार्यक्रम ल्याउनुपर्दछ भने ।

तीन दिनसम्म सञ्चालन गरिएको सो प्रशिक्षणमा पर्यटनमा महिलाहरू संलग्न हुनसक्ने क्षेत्रहरूको पहिचान, कम्पनी सञ्चालनसम्बन्धी कानुनी प्रक्रिया, कर प्रणालीलगायतका विषयमा छलफल भएको सञ्जालकी उपाध्यक्ष जया बरालले जानकारी दिइन् । प्रशिक्षणमा विभिन्न संघसंस्थामा संलग्न ५५ जना महिलाको सहभागिता रहेको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ